**दूषित पानीका कारण हुने रोगप्रति सजग रहौं**

- फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जन्डिसजस्ता रोग लाग्न सक्छ।

त्यसैले:

- खोला, धारा वा मूलको पानी सीधै नपिऔं।
- पानी उमालेर मात्र पिऔं।
- उमाल्न सम्भव नभए शुद्धीकरण गरेर मात्र पिऔं।
- पिउने पानी सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।

eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० भदौ १५ गते शुक्रवार // मृत भस्म नबन्दैमा भिक्लो भैकन बल्नुछ // 2023 September 01 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १४

## सात महीनादेखि बचतकर्ताको रकम लिएर बेपत्ता यादगार सहकारीका सञ्चालक सदस्यद्वारा पाण्डेविरुद्ध मिटरब्याजीको मुद्दा दायर

प्रस, वीरगंज, १४ भदौ/

यादगार बचत तथा ऋण सहकारी संस्था रानीघाटले बचतकर्ताहरूको लाखौं रुपैयाँ लिएर बेपत्ता भएको सात महिना बितेको छ तर यो बीचमा प्रहरी प्रशासनले बचतकर्ताहरूको रकम फिर्ता गर्न सकेको छैन भने उल्टो सहकारीका सञ्चालकहरूले दिएको मिटरब्याजी सम्बन्धी कसूरमा निजहरूको पक्षमा वकालत गर्दै आएका देखिएको छ। यादगार बचत तथा ऋण सहकारी संस्था रानीघाटका सञ्चालक सदस्यहरू बलराम साह, दिलीपकुमार साह र राहुल बैठाले जिल्ला प्रशासन कार्यालय, पर्सामा पकहामैनपुर गापा-२ मणिपुर निवासी सुनील पाण्डेविरुद्ध मिटरब्याजीमा मुद्दा दायर गरेका र उनीहरूको मुद्दामा सुनवाइ भइरहेको जिप्रका, पर्साका सूचना अधिकारी सप्रजिअ भीमकान्त पौडेलले बताए।



यादगार सहकारीको कार्यालयअगाडि बचतकर्ताहरूको भीड। तस्वीरः प्रतीक

पकहामैनपुर-२ मणिपुर निवासी सुनील पाण्डेविरुद्ध यादगार सहकारी सञ्चालक सदस्य बलराम साह, दिलीपकुमार साह, राहुल बैठाले उजुरी गरेका जिल्ला प्रशासन कार्यालय, पर्साका सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलले बताए। उनले मिटरब्याजमा योजनाबद्ध तरीकाबाट उजुरी गरिएको र सो विषयमा छलफल चलिरहेको बताए। यादगार सहकारीको नाममा ४० लाख र पटकपटक गरी सहकारीका कोषाध्यक्ष बलिराम साह र कर्मचारी दिलीप साह तथा राहुल बैठाले गरी एक करोड तीन लाख २०७९ सालमा सापटी लिएको पाण्डे बताउँछन्।

सोही रकमबापत सहकारीले ९७ लाख, दिलीपले ३१ लाख र राहुलले १५ लाखको चेक पाण्डेलाई दिएका थिए। ती चेकहरू बैंकबाट ब्यालेन्स नभएपछि पाण्डेले उनीहरूविरुद्ध चेक अनादरमा पर्सा जिल्ला अदालतमा मुद्दा दायर गरेको बताउँछन्। पाण्डे दुग्धेश्वर सहकारीका अध्यक्ष पनि हुन्। यसबीचमा मिटरब्याजीको मुद्दा शुरू भएपछि पाण्डेविरुद्ध उनीहरूले मिटरब्याजीमा मुद्दा दायर गरेको हुनु र यही विषयमा अहिले प्रशासनमा छलफल जारी रहेको बताइन्छ। यादगार सहकारीका सञ्चालक सदस्यहरूले मिटरब्याजीमा पाण्डेविरुद्ध मुद्दा दायर गरेकामा प्रशासनले छलफल गराइरहेको छ भने तिनै सञ्चालक सदस्यहरूले सात सय सेवाग्राहीको दश करोड बढी रकम फिर्ता नगरेको सन्दर्भमा भने प्रशासन मौन छ।

यादगार सहकारी सात महीनादेखि बन्द छ, सञ्चालकहरूमा अध्यक्ष राहुल सिंह, उपाध्यक्ष अर्जुन पटेल, कोषाध्यक्ष बलिराम साह, सचिव सोनु साह, सदस्यमा राजु गुप्ता, बलराम यादव, शान्ति चौधरीलगायत छन्। उनीहरू बचतकर्ताहरूदेखि भागदै हिंडेका छन् भने अहिले कार्यालयको बोर्डसमेत हटाइएको छ। बचतकर्ताहरू भने आफ्नो रकमका लागि दैनिक जिल्ला प्रहरी कार्यालय, पर्सा र वीरगंज महानगरपालिका कार्यालयमा धाइरहेका छन्।

सो सहकारीको मुद्दतीमा रु २० लाख जम्मा गरेका वीरगंज-१५ भिस्वा निवासी शत्रुघ्न कुशवाहाले आफ्नो मुद्दतीको रकम लेखापाल शान्ति चौधरीको कम्प्युटर आइडीबाट निकालिएको पाएको बताए। सहकारीका कर्मचारीले नै लेखापाल चौधरीको कम्प्युटर आइडीबाट निकालेको जानकारी गराएको बताए। चौधरी सहकारीका अध्यक्ष राहुल सिंहकी पत्नी हुन्। अहिले दुवैजना बेपत्ता छन्। सोही सहकारीमा मुद्दतीमा रु १४ लाख जम्मा गरेका कृष्ण साह पनि दैनिक रकमका लागि धाइरहेका तर कहींकतैबाट पाउने आशा नदेख्दा निराश भएको बताउँछन्। वीरगंज, मुर्ली निवासी समसाद अहमद अन्सारीले यादगार सहकारीसँग पाँच वर्षदेखि कारोबार गर्दै आएका र अहिले दुई लाख ६८ हजार बचत लिन बाँकी रहेको बताएका छन्। सहकारीमा अध्यक्ष सिंह र लेखापाल उनकी पत्नीको इशारामा आर्थिक कारोबार हुने गरेको थियो। अहिले केही बचतकर्ताहरूलाई अध्यक्षको इशारामा डर, धाक, धम्की दिने काम भइरहेको बुझिन आएको छ। प्रहरीले बचतकर्ताहरूलाई धम्क्याउने कार्य भएको भनी उजुरी परेको र यसबारेमा छुट्टै मुद्दा चलाउने तयारी भइरहेको बताए। पर्सा प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक दीपक गिरीले ठगिएकाहरूले दिएका उजुरीका आधारमा ठगीसम्बन्धी मुद्दा दायर गर्ने पर्याप्त प्रमाण नरहेको बताए।

## सर्लाहीका ६५ जना मिटरब्याजी फरार सूचीमा

नितेश कर्ण, वीरगंज, १४ भदौ/

सर्लाही जिल्लामा अनुचित लेनदेन मिटरब्याजसम्बन्धी उजुरीका ६५ जना फरार सूचीमा रहेका छन्।

सर्लाहीमा १७ पालिका छन् र ती सबै पालिकाबाट मिटरब्याज सम्बन्धमा




२८६ वटा उजुरी जिल्ला प्रशासन कार्यालय, सर्लाहीमा दर्ता भएका छन्। जसमध्ये १६७ वटा उजुरी छलफलबाट फछ्र्योट भएको र ६५ वटामा भने सम्बन्धित व्यक्ति छलफलका लागि सम्पर्कमा नआएपछि उनीहरू फरार सूचीमा परेका सो कार्यालयले जनाएको छ। सर्लाहीका सहायक प्रमुख जिल्ला अधिकारी होमप्रसाद घिमिरेले कानूनले तोकेको मूल धनको १० प्रतिशत ब्याज दिएर अधिकांश उजुरी मिलापत्र गराइएको बताए।

उनले उजुरी फछ्र्योट गर्न पीडित र पीडक दुवै पक्षलाई जिल्ला प्रशासन कार्यालयमा बोलाउने गरेको तर छलफलमा पटक-पटक बोलाउँदा नआएका ६५ जनालाई फरार सूचीमा राखिएको उनले बताए।

छलफलमा बोलाउँदा उपस्थित नहुने पक्षलाई कानूनबमोजिम कारबाही हुने जिल्ला प्रशासन कार्यालय, सर्लाहीले यसअघि जानकारी गराएको थियो। उनीहरूलाई पक्राउ गर्न प्रहरीलाई पत्राचार भइसकेको छ।

सप्रजिअ घिमिरेले अहिले ३५ वटा उजुरी फछ्र्योट गर्न बाँकी रहेको बताए। परेको उजुरीमध्ये मिटरब्याजीका १९ आरोपीमाथि सम्पत्ति शुद्धीकरणमा मुद्दा चलेको उनले बताए। उनले मुद्दा अदालतमा विचाराधीन अवस्थाका उजुरीहरूमा भने छलफल नगराइएको जानकारी गराए।

## ग्याँस र पेट्रोलको मूल्यवृद्धि

प्रस, वीरगंज, १४ भदौ/

नेपाल आयल निगमले पेट्रोलियम पदार्थ र खाना पकाउने एलपी ग्याँसमा मूल्यवृद्धि गरेको छ।




गएराति १२ बजेदेखि लागू हुनेगरी पेट्रोल रु ४ र मटीतेल तथा डिजेलमा प्रतिलिटर रु ३ ले वृद्धि गरेको छ भने खाना पकाउने एलपी ग्याँसमा प्रतिसिलिन्डर रु २३५ बढाएको छ।

नयाँ दररेट अनुसार अब पेट्रोल प्रतिलिटर रु १७५/५०, १७७ र १७८ मा तथा डिजेल रु १६४/५० पैसा, १६६ र १६७ सम्म तीन वर्गमा बिक्री हुन्छ।

यसैगरी, खाना पकाउने एलपी ग्याँसमा प्रतिसिलिन्डर रु २३५ ले वृद्धि भएको छ। अब एलपी ग्याँस प्रतिसिलिन्डर रु १८९५ पर्ने भएको छ। यसअघि एलपी ग्याँसको मूल्य प्रतिसिलिन्डर रु १४० घटेर रु १६६० कायम भएको थियो।

## रक्षाबन्धनमा महावीरी झन्डा मेला र दङ्गल कुश्ती

प्रस, वीरगंज, १४ भदौ/

बाराको प्रसौनी गाउँपालिका-१ नकटुवामा रक्षाबन्धनको अवसरमा महावीरी झन्डा मेला सम्पन्न भएको छ।

हरेक वर्ष रक्षाबन्धनको दिन लाग्ने मेलाको मुख्य आकर्षण कुश्ती प्रतियोगिता हो। सात वर्षदेखि नेराआवि नकटुवा नजीक रक्षाबन्धनमा महावीरी झन्डा मेलामा दङ्गलको आकर्षण कुश्ती प्रतियोगितामा नेपाल र भारतका करीब ३५ जोड पहलमानबीच कुश्ती हुने प्रसौनी गाउँपालिकाका अध्यक्ष विनोद जैसवालले बताए।

रक्षाबन्धनको दिन सार्वजनिक बिदा भएकोले स्थानीय कुश्ती खेललाई प्रवर्द्धन र विकास गर्ने अभिप्रायले प्रतियोगिता आयोजना गर्दै आएको उनले बताए। कुश्ती पर्सा, बारा, रौतहट, सर्लाही, रुपन्देही, नवलपरासी र भारतको पञ्जाब, हरियाणा, वाराणसी, दिल्ली, बिहार, उत्तर प्रदेशलगायतबाट नामुद पहलमानहरूले खेल प्रदर्शन गरेका थिए। मेला आयोजक समितिका अध्यक्ष रफिक मियाँको अध्यक्ष एवं गापा अध्यक्ष जैसवालको प्रमुख आतिथ्यमा सम्पन्न कुश्ती प्रतियोगितामा गापा उपाध्यक्ष किरण देवी, वडा नं १ का अध्यक्ष लालबाबू मुखिया बिन, वडा नं २ का अध्यक्ष हृदयनारायण साह, वडा नं ४ का अध्यक्ष याकुब अन्सारी, वडा नं ५ का अध्यक्ष सन्तोष साह, वडा नं ७ अध्यक्ष इस्लाम मियाँलगायतको सहभागिता थियो।

महावीरी झन्डा मेलामा यस वर्ष पनि नेपाल र भारतका नामुद पहलमानबीच करीब ३५ जोड कुश्ती प्रदर्शन भएको प्रसौनी गाउँपालिकाका अध्यक्ष विनोद जैसवालले बताए। रक्षाबन्धनको दिन सार्वजनिक बिदा रहने भएकोले स्थानीय कुश्ती खेललाई संवर्द्धन र विकास हेतु हरेक वर्ष रक्षाबन्धनको दिन प्रतियोगिता आयोजना गर्दै आएको उनले बताए। कुश्ती दङ्गलमा पर्सा, बारा, रौतहट, सर्लाही, रुपन्देही, नवलपरासी, भारतको पञ्जाब, हरियाणा, वाणारसी, दिल्ली, बिहार, उत्तर प्रदेशलगायतका नामुद पहलमानहरूले खेलको प्रदर्शन गरेका थिए।

मेला आयोजक समितिका अध्यक्ष रफिक मियाँको अध्यक्षता एवं गापा अध्यक्ष विनोद जैसवालको प्रमुख आतिथ्यमा सम्पन्न कुश्ती प्रतियोगितामा गापा उपाध्यक्ष किरण देवी, वडाध्यक्षहरू लालबाबू मुखिया बिन, हृदयनारायण साह, याकुब अन्सारी, सन्तोष साह, इस्लाम मियाँलगायतको सहभागिता थियो।

## वृद्धाद्वारा इनारमा डुबेर आत्महत्या

प्रस, वीरगंज, १४ भदौ/

सर्लाहीको बरहथवा नगरपालिका-१ खर्सालटोलमा एकजना वृद्धाले चिकित्सकले उपचारबाट निको नहुने भनेर हतोत्साहित पारेपछि इनारमा फाल हानेर आत्महत्या गरेकी छन्। बरहथवा नगरपालिका-१ खर्सालटोल निवासी ७० वर्षीया लखियादेवी सहनीलाई चिकित्सकले तपाईं बाँच्नुहुन्न, उपचारमा पैसा बर्बाद नगर्नु भनेर सम्झाएका थिए। चिकित्सकले हतोत्साहित पारेपछि ती वृद्धाले बिहीबार बिहान ३ बजे घरबाट निस्केर इनारमा डुबेर ज्यान दिएकी थिइन्। प्रहरीले प्रारम्भिक अनुसन्धानबाट चिकित्सकीय परामर्शबाट हतोत्साहित भएर लखियादेवीले आत्महत्या गरेको अनुमान गरेको छ। प्रहरीले बिहान ११ बजे स्थानीयको सहयोगमा इनारबाट शव बरामद गरेको र थप अनुसन्धान भइरहेको जनाएको छ।

## विचारसार र सूक्तिहरू

**अनुभव उमेरले होइन, परिस्थितिहरूको सामना गर्नाले बढ्छ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# पशुपालक किसान समस्यामा

**नेपालका पशुपालन कृषकहरू लम्पी स्किन रोगको महामारीबाट पीडित छन् । लम्पी स्किन गाई र भैंसीमा लाग्ने भाइरल रोग हो । छालामा मसिना फोकाहरू देखिने यस भाइरस अन्तर्राष्ट्रियस्तरमा नै फैलिएको हो । यस रोगले दूध उत्पादनमा कमी, छालामा क्षति, वस्तु व्यापारमा प्रतिबन्ध, गर्भपतन, बाँझोपन, उपचार, चौपायाको मृत्युलगायतका कारणले पशुपालन क्षेत्रमा ठूलो आर्थिक क्षति पुऱ्याएको छ। यो रोग पहिलोपटक सन् १९२९ मा जाम्बियामा पहिचान भएको थियो । यसको उत्पत्ति मध्य अफ्रिकाबाट मध्यपूर्व, युरोप र एशियामा सन् २०१३ देखि तीव्र गतिमा फैलिएको हो। हाम्रो छिमेकी मुलुक भारतले पहिलोपटक सन् २०१९ मा उडिसा राज्यमा फेला परेको प्रमाणित गरेको थियो। नेपालको अलावा बङ्गलादेश, चीन, भुटान, म्यानमा, श्रीलङ्का, पाकिस्तानमा पनि गाईभैंसीमा लम्पी स्किन प्रकोप देखिएको छ । यो रोग अहिले विश्वका अधिकांश मुलुकमा छ ।**

**हाम्रो मुलुकका ७७ मध्ये ७६ वटा जिल्लामा लम्पी स्किन महामारी फैलिसकेको छ । उक्त रोगको नियन्त्रण तथा रोकथामका लागि आक्रामक कदम चाल्न नेपाल पशु चिकित्सा परिषद्ले नेपाल सरकारलाई पटकपटक आग्रह गरेको थियो। यही रफ्तारमा रोग फैलने हो भने हाम्रो मुलुकका करीब २५ लाख २६ हजार पशु सङ्क्रमित हुनेछन्। यसबाट अनुमानित एक लाख गाईभैंसी मर्नेछन्। यसबाट झन्डै एक खर्ब २६ अर्ब रुपैयाँ बराबरको आर्थिक क्षति हुने देखिएको छ। यति ठूलो क्षति रकम नेपालको चालू आवको कुल बजेटको ७.२ प्रतिशत हो। हाम्रो मुलुकमा अहिले ३० हजारभन्दा बढी गाईभैंसीको मृत्यु भइसकेको छ। पशु चौपायामा हुने क्षतिको अभिलेख राख्न थालिएयता नेपालमा गाईवस्तुमा यो तहको महामारी र त्यसले पारेको यो दोस्रो ठूलो असर हो। यसअघि करीब आठ दशक पहिले सन् १९४० को दशकमा गाईवस्तुमा फैलिएको गगौटी रोगको महामारीले ठूलो क्षति पुऱ्याएको थियो । खुर हुने चौपायामा लाग्ने उक्त भाइरल रोग अहिले उन्मूलन भइसकेको छ।**

**सामान्यतया लम्पी स्किन सङ्क्रमणको कारक, गाईभैंसीको कानूनी वा गैरकानूनी आवागमन तथा ओहोरदोहोर वा चहलपहल नै हो । पछिल्लो अध्ययन अनुसार मुलुकका कुल गाईभैंसीमा लम्पी स्किनबाट बिरामी हुनेको अनुपात १० देखि २० प्रतिशत छ । बिरामी भएकामध्येमा मृत्युदर एकदेखि पाँच प्रतिशत छ। लम्पी स्किन सङ्क्रमणमा मौसमको पनि भूमिका रहन्छ। ओसिलो मौसममा यो रोग बढी सङ्क्रमण हुने पाइएको छ। पशु चौपायाको छाला, छालाजन्य कपडा तथा सामग्रीको ओसारपोसार पनि लम्पी स्किन सङ्क्रमणको माध्यम मानिएका छन् । लम्पी स्किन प्रभावित देशहरूमा उत्पादित कुनै पनि पशुजन्य उत्पादनहरू मासु, दूध वा छालाबाट सो उत्पादन आयात गर्ने मुलुकमा रोगको सङ्क्रमण भएको कुरा अध्ययनले देखाएको छ। यो रोग तीन वर्षअघि मोरङ जिल्लाको सुन्दरहरैचामा गाईमा देखा परेको थियो । लम्पी स्किनले दुई वर्ष पहिले विसं २०७९ चैतबाट महामारीको रूप लिएको हो । हाल मुलुकका सातवटै प्रदेश र ७६ वटा जिल्लामा लम्पी स्किनका सक्रिय सङ्क्रमित पशु फेला परेका छन्। सीमान्तकृत गरीब, साना र आफ्नै बलबुताले खेती गर्ने किसानहरूलाई यसको प्रत्यक्ष असर परेको छ । प्रारम्भमा सरकारले सचेतना फैलाउन र सङ्क्रमण हुन सक्ने क्रियाकलापलाई नियन्त्रण गर्ने उपाय अवलम्बन गरेन। अहिले पीडित किसानहरूका लागि राहत कार्यक्रम लागू गर्ने कार्यविधि सरकारले टुङ्ग्याउन सकेको छैन ।**

# ब्रिक्सलाई जी–७ को विकल्प बनाउने प्रयास

स्वतन्त्र विचार



**श्रीमन्नारायण**

an_shriman@yahoo.com

**ब्रिक्सको सदस्य नभएको भए समस्या उत्पन्न हुन सक्थ्यो। करीब दुई दर्जनभन्दा बढी देशले यसको सदस्य बन्न आग्रह गरेका छन्। ब्रिक्सलाई ग्लोबल साउथकै संस्था मान्न सकिन्छ। आगामी दिनमा यो जी–७ को विकल्प पनि बन्न सक्छ र ग्लोबल साउथका देशहरूको आत्मसम्मान र स्वाभिमानको रक्षा गर्ने थलो पनि बन्न सक्छ।**

विश्वकै उदीयमान अर्थतन्त्रहरू ब्रजील, चीन, भारत, रूस र दक्षिण अफ्रिका सम्मिललित सङ्गठन "ब्रिक्स" मा थप छ मुलुक सहभागी भएका छन्। दक्षिण अफ्रिकाको राजधानी जोहानेसबर्गको शिखर सम्मेलनमा थपिएका नयाँ सदस्य राष्ट्रहरूमा इरान, साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स, इथियोपिया र अर्जेन्टिना रहेका छन्। १७ वर्षअघि स्थापना भएको ब्रिक्सको यसपटकको शिखर सम्मेलनमा सङ्गठन विस्तारको विषयले नै महत्त्व पाएको देखियो। यी मुलुकहरू केही वर्षयता सदस्य बन्न लबिङ गरिरहेका थिए। पाँच देशको नामबाट सङ्गठनको नाम ब्रिक्स रहेकोमा अब नयाँ छ मुलुक सदस्य थपिएपछि यसको नाम "ब्रिक्स प्लस" रहनेछ। ब्रिक्स, ग्लोबल साउथ भनाउने विकासशील एवं अल्पविकसित देशहरूको एउटा भरपर्दो सङ्गठन बनिसकेको छ। अब यसको तुलना जी–७ सँग पनि हुन थालेको छ।

मूलत: तीन विषयले ब्रिक्सको विश्वसनीयतालाई बढाउने काम गरेको छ। आर्थिक गतिशीलता, क्रमिक एकजुटता र पश्चिमा दबाबको विरोध गर्नमा ग्लोबल साउथ सधैंदेखि सक्रिय रहिआएको छ। आर्थिक गतिशीलकै मुद्दामा हेर्ने हो भन्ने ग्लोबल जिडिपीमा २६ प्रतिशत भागीदारीका साथै यसले जी–७ अर्थव्यवस्थालाई पनि चुनौती दिइरहेको छ। सन् २०२२ मा ब्रिक्सको साझा जिडिपी २६ ट्रिलियन डलर थियो, जुन अमेरिकी जिडिपीभन्दा अलि बढी थियो। सन् २००० मा वैश्विक जिडिपीमा जी–७ को योगदान ६५ प्रतिशत थियो जुन २०२१ मा घटेर ४४ प्रतिशत रहन गयो। यही अवस्था रह्यो भने सन् २०३१ सम्म ब्रिक्सको अर्थव्यवस्था जी–७ भन्दा अगाडि हुनेछ।

विश्व अर्थतन्त्रमा अमेरिकी–पश्चिमा खेमा बलियो बन्दै आएकामा अब ब्रिक्सको उदयले त्यसलाई थप चुनौती दिन सक्ने आकलन गरिएको छ। पश्चिमी खेमामा जापान, अस्ट्रेलिया, दक्षिण कोरिया, बेलायत, जर्मनी, जापान, फ्रान्स र क्यानडालगायतका देश छन्। तर उदाउँदा आर्थिक शक्तिका मुलुकहरूमा साउदी अरब, इरान र युएई जस्ता प्रभावशाली मुलुकहरूको सहभागिताले यस समूहलाई थप बलियो बनाउने देखिन्छ।

ब्रिक्समा अहिलेसम्म रहेका पाँच विकासशील देशले विश्वका ४१ प्रतिशत जनसङ्ख्या, २४ प्रतिशत विश्वव्यापी जिडिपी र १६ प्रतिशत वैश्विक व्यापारको प्रतिनिधित्व गर्छ। जहाँसम्म एकजुटताको प्रश्न छ, ग्लोबल साउथविना पश्चिमाहरूको कुनै सङ्गठन सफल भएको इतिहास नै छैन। शीतयुद्धताकाको असंलग्न आन्दोलन अर्थात् जी–७७ चर्चा सीमित रहन गएको थियो। यसको ठीकविपरीत ब्रिक्सले सफलतापूर्वक न्यू डेभलपमेन्ट बैंक र आकस्मिक रिजर्भ फन्ड जस्तो संस्थाको निर्माण गरेको छ। जसलाई विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्राकोषको प्रतिविम्ब नै मानिन्छ। रूस–युक्रेन युद्धमा ब्रिक्सको अडानले यसको विश्वसनीयतालाई बढाइदिएको छ।

ब्रिक्सका सदस्यहरूले युक्रेनमाथि रूसद्वारा गरिएको आक्रमणको आलोचना गर्न मानेन, न त पश्चिमाहरूद्वारा लगाइरहेको प्रतिबन्धमा पनि समर्थन गरेन, सामेल भएन। युक्रेन युद्धपछि भारत र चीनसित रूसको व्यापारमा निकै वृद्धि भएको छ। रूससित भारतको व्यापार विगतको १० बिलियन डलरबाट बढेर सन् २०२२–२३ मा लगभग ५० बिलियन डलर पुगिसकेको छ। ब्रिक्सको विश्वसनीयताको अनुमान यसैबाट गर्न सकिन्छ कि ४० भन्दा बढी देशले यसमा सहभागी हुन उत्सुकता देखाएका छन्। जोहानेसबर्ग शिखर सम्मेलनमा चर्चाको महत्त्वपूर्ण मुद्दामा नयाँ सदस्यका लागि सिद्धान्त र मानक पनि निर्धारण गरिएको छ। यसमा चीनको आफ्नो निजी महत्त्वाकाङ्क्षा पनि छ। ब्रिक्सको संरचनामा तीव्र विस्तार होस् र उसले अमेरिकासित मुकाबिला गर्न सकोस् भन्ने चाहना राखेको छ। त्यसैगरी, युक्रेन युद्धमा अमेरिकाको व्यवहारबाट आक्रोशित रूस पनि ब्रिक्सको विस्तारबाट अमेरिकालाई चुनौती दिन खोजिरहेको छ। ब्रिक्सका भारत, दक्षिण अफ्रिका र ब्रजील चीनप्रति यस कारण आशङ्कित छन् कि कतै यस सङ्गठनमा चीनले आफ्नो प्रभुत्व कायम गर्ने त होइन ?

भारत र ब्रजील बिस्तार–बिस्तारै यसमा नयाँ सदस्यलाई थप्न चाहन्छन्। शुरूमा पर्यवेक्षकको रूपमा सक्रिय बनाउने र पछि सदस्य बनाउने मनसाय राखेको देखिन्छ। भारतको निम्ति पाकिस्तानको उपस्थिति प्रतिकूल लाग्न सक्छ भने दक्षिण अफ्रिकाको निम्ति नाइजेरिया। भारत र ब्रजील, चीनको विचारसित सहमत छैनन् किनभने चीनजस्तो भारत र ब्रजील पनि ब्रिक्सलाई पश्चिमाविरोधी सङ्गठनको रूपमा हेरिरहेका छैनन्।

जोहानेसबर्ग सम्मेलनमा डलरमाथिको निर्भरतालाई कम गर्न ब्रिक्स देशको मुद्रालाई महत्त्व दिने विषयमा पनि गहन विमर्श भएको देखियो। अन्तर्राष्ट्रिय व्यापारमा डलरको उपयोग झन्डै ८४ प्रतिशत हुने गर्छ। युद्धको परिस्थितिमा डलरलाई हतियारको रूपमा उपयोग गर्ने पश्चिमी अवधारणाले ग्लोबल साउथका देशहरूलाई चिन्तित बनाएको छ। पश्चिमले रूस–युक्रेन युद्धमा रूसको संरक्षित मुद्रा र सम्पत्तिलाई फ्रिज गरिदिएको थियो। यद्यपि यस विषयमा सहमति भएन र कतिपय देशहरूलाई यस विषयले पनि चिन्तित बनायो कि चिनियाँ मुद्रा युआन त कतै ब्रिक्समा हाबी हुने होइन ? अत: ब्रिक्स देशहरू स्थानीय मुद्रामा व्यापार गर्ने विषयमा सहमत देखिए। रूस र चीनबीच लगभग ८० प्रतिशत व्यापार सम्झौता चिनियाँ युआन र रसियाली रूबलबीच हुने गर्छ। भारत र रूसले पनि स्थानीय मुद्रामा व्यापार शुरू गरेका छन्। ब्रजीलले पनि चीनसित यस्तै सम्झौता गरेको छ र रूससित पनि गर्ने खोज्दैछ।

शिखर सम्मेलनलाई सम्बोधन गर्ने क्रममा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले ग्लोबल साउथ एउटा कूटनीतिक शब्द मात्रै नभएर उपनिवेशवाद र रङभेदविरुद्ध यी देशहरूको साझा इतिहासको प्रतिनिधित्व गर्ने आन्दोलन भएको बताए। उनले ब्रिक्सलाई बलियो बनाउने केही सुझाव पनि दिए, जसमा सदस्य राष्ट्रहरूबीच अन्तरिक्ष क्षेत्रमा सहयोग स्थापित गर्नका लागि ब्रिक्स स्पेस एक्सपलोरेशन कन्सोर्टियम बनाउने प्रस्ताव हो। भारतले चन्द्रमाको दक्षिणी ध्रुवमा चन्द्रयान–३ को सफलतापूर्वक अवतरण गराउने काम गरेकै दिन उनले यस्तो प्रस्ताव गरे। मोदीले ग्लोबल साउथका देशहरूको विशेष महत्त्वको स्वागत गर्दै भारतले जी–२० को अध्यक्षता गर्दा पनि ग्लोबल साउथका देशलाई बढी महत्त्व दिएको टिप्पणी गरे। ब्रिक्सको दुई दशक लामो यात्रालाई सफल बताउँदै "न्यू डेभलपमेन्ट बैंक"ले ग्लोबल साउथको गतिविधिलाई बढाउनमा महत्त्वपूर्ण भूमिकाको निर्वाह गरिरहेको टिप्पणी गरे। कतिपयको धारणमा ब्रिक्स भारतको निम्ति एउटा उपयुक्त मञ्च हुन सक्छ, जहाँ भारतले यस मञ्चको प्रयोग गरेर अन्तर्राष्ट्रिय राजनीतिमा आफ्नो प्रभावको विस्तार गर्न सक्नेछ भने चीनको गतिविधिलाई सन्तुलित पनि राख्न सक्छ। रूसमाथि लगाइएको प्रतिबन्धका बावजूद भारतमाथि अमेरिकाले दबाब बनाउन सकेन। ब्रिक्सको सदस्य नभएको भए समस्या उत्पन्न हुन सक्थ्यो। करीब दुई दर्जनभन्दा बढी देशले यसको सदस्य बन्न आग्रह गरेका छन्। ब्रिक्सलाई ग्लोबल साउथकै संस्था मान्न सकिन्छ। आगामी दिनमा यो जी–७ को विकल्प पनि बन्न सक्छ र ग्लोबल साउथका देशहरूको आत्मसम्मान र स्वाभिमानको रक्षा गर्ने थलो पनि बन्न सक्छ।

# गाँजाखेतीलाई वैधानिक बनाउँदै जर्मनी

ह्यानोभर, १४ भदौ/एएफपी

जर्मनीले गाँजालाई वैधानिकता दिने तयारी गरेको छ। कडा आलोचनाका बावजूद मनोरञ्जनात्मक प्रयोजनका निम्ति गाँजालाई वैधानिक बनाउने तयारी भएको हो। निर्धारित परिमाणमा गाँजा किन्न र राख्न पाइने मस्यौदा कानूनलाई सरकारले अनुमोदन गरेको छ।

संसद्ले पनि उक्त कानूनलाई अनुमोदन गर्ने विश्वासका साथ गाँजा सेवन गर्नेहरू क्लबमा आबद्ध हुन थालेका छन्। गँजेडीका 'क्यानाबिस सोशल क्लब' धमाधम खुलेका छन्। एउटा क्लबमा पाँच सयभन्दा बढी सदस्य बन्न नपाइने प्रावधान लागू गरिएको छ।

सरकारी नियम अनुसार एकजनाले तीनवटा गाँजाका बिरुवा लगाउन पाउनेछ भने सोशल क्लबबाट दैनिक २५ ग्राम र एक महीनामा अधिकतम ५० ग्राम गाँजा किन्न पाइनेछ। देशभर यस्ता क्लबको सङ्ख्या एक सय नाघेको छ।

आफ्नो पूरा नाम उल्लेख गर्न नचाहने तर आफूलाई हेनरी विकरका रूपमा एएफपीसमक्ष आफ्नो पहिचान सार्वजनिक गरेका सोशल क्लबका संस्थापक ५८ वर्षीय पूर्वविद्युत् इन्जिनीयरले क्लबमा आबद्ध हुन आठ सयजनाले आवेदन दिएका बताए। उनले ५७ जनाको आवेदन मात्र स्वीकृत गरिएको जानकारी दिंदै उनीहरूसँग व्यक्तिगत छलफल नगरी क्लबको सदस्यता नदिने बताएका छन्। सरकारले गाँजा, हेरोइन र मनोद्दिपक पदार्थलाई



लागूपदार्थको एउटै वर्गमा सूचीबद्ध गरेकाले कानूनी झमेलामा नफस्न उनले आवेदकहरूको आशय र उद्देश्य स्पष्ट नभई समूहमा सामेल नगर्ने बताए।

हेनरीको क्लबले १८ देखि २१ वर्ष समूहक सदस्यलाई एक महीनामा अधिकतम ३० ग्राम गाँजा उपलब्ध गराउने नीति लिएको छ। हाललाई क्लबको सदस्य बन्न २० युरो तिर्नुपर्छ भने हरेक महीना मासिकरूपमा पाँच युरो बुझाउनुपर्नेछ। एक ग्राम गाँजाको मोल पाँचदेखि १५ युरोसम्म निर्धारण गर्नुपर्ने उनले बताए। १८ वर्षमुनिका मानिसलाई सदस्यता दिइँदैन।

गाँजालाई वैधानिकता दिने सरकारी योजनाको चिकित्सक तथा कानून कार्यान्वयन निकायका अधिकारीले विरोध गरेका छन्। विपक्षी दलका नेताले प्रस्तावको खुलेर निन्दा गरेका छन्। लागूऔषध दुरुपयोगलाई प्रोत्साहन गर्ने प्रस्तावित विधेयक देशका निम्ति अनुपयुक्त भएको उनीहरूको तर्क छ।

यसैबीच, अमेरिकी स्वास्थ्य र मानव सेवा विभागले ड्रग इन्फोर्समेन्ट एजेन्सी (डिईए)लाई गाँजासम्बन्धी सङ्घीय कानून उदार बनाउन आह्वान गरेको छ।

अमेरिकाका ५० मध्ये ४० राज्यले कुनै न कुनै रूपमा यसको प्रयोगलाई वैधानिक बनाउने कानून पारित गरे पनि सङ्घीय तहमा यो अवैध मानिन्छ। स्वास्थ्य तथा मानव सेवा विभाग (एचएचएस)ले डिइएसमक्ष आफ्नो राय पेश गरिसकेको छ। गत वर्ष राष्ट्रपति जो बिडेनले महान्यायाधिवक्ता तथा स्वास्थ्यमन्त्रीलाई कम जोखिमयुक्त औषधिको रूपमा गाँजालाई सूचीबद्ध गर्न सकिने नसकिने भन्नेबारेमा समीक्षा गर्न निर्देशन दिएका थिए।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# के ब्रिक्स साझा बजार हुन सक्छ ?

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**चाखलाग्दो कुरा त के छ भने ब्रिक्स राष्ट्रहरूको १५ औं शिखर सम्मेलन, जुन जोहेनेसबर्गमा भएको थियो, समाप्त भएको एक हप्ता पनि बितेको छैन, चीनले भारतको अरुणाचल प्रदेशलाई समेटेर आफ्नो देशको नयाँ नक्शा सार्वजनिक गरेको छ ।**

ब्रिक्स अहिले निकै चर्चामा छ। अति चर्चामा रहनुको मुख्य कारण भने आर्थिक भन्दा राजनीतिक रहेको छ। हुनत यसको स्थापना आर्थिक उद्देश्यले भएको थियो र आर्थिक उद्देश्य थियो यसका सदस्य राष्टबीच व्यापार विस्तार गर्ने। व्यापार बाधाहरू फुकाउँदै सदस्य राष्ट्रहरूबीच हुने व्यापार सरल बनाउने, लाभदायी पार्ने । तर ब्रिक्सको प्रकृति, स्वरूप एवं क्रियाकलाप हेर्दा लाग्छ ब्रिक्सको उद्देश्य बाहिरबाट आर्थिक हो तर भित्रबाट भने राजनीतिक हो । मुख्यगरी युरोपियन युनियन र अमेरिकालाई हामी (ब्रिक्स राष्ट्रहरूको समूह) पनि एक राजनीतिक शक्ति हौं भनी देखाउनु हो । ब्रिक्सको अहिलेसम्मको क्रियाकलापले त्यही कुरा दर्शाएको छ ।

छोटकरीमा बिक्स (BRICS–Brazil, Russia, India, China and South Africa) भनिने एक किसिमको आर्थिक सङ्गठन (अभियान) का सदस्यहरूमा ब्रजील, रूस, इन्डिया र चीन पर्दछन्। ब्रिक्सभित्र बेजिंग, दिल्ली, साओ पाउलो, जोहान्सबर्ग, र मस्कोजस्ता संसारकै ठूला ठूला शहरहरू एकातिर पर्छन् भने अर्कोतिर बिक्स राष्ट्रभित्र विश्वको ४० प्रतिशत जनसङ्ख्याले बसोवास गर्दछ । अहिले संसारको जनसङ्ख्या करीब ८ अर्ब रहेकोमा ब्रिक्स राष्ट्रभित्र ३.२४ अर्ब मानिसको बसोवास छ । बसोवासको हिसाबले ब्रिक्स एउटा ठूलो बजार क्षेत्र हो । ब्रिक्सभित्रका सबै राष्ट्रहरूको उद्देश्यमा पनि समानता छ। त्यो उद्देश्य के हो भने आआफ्नो बजार विश्वभरि विस्तार गर्ने ।

ब्रिक्स, युरोपियन युनियन, सार्क, आसियानजस्तो औपचारिक सङ्गठन भने होइन। तर बेलाबेलामा यी राष्ट्रका उच्च प्रशासकबीच हुने भेटघाट वा सम्मेलनले लाग्छ यो अभियान कुनै दिन एक औपारिक सङ्गठनको रूपमा रूपान्तरित हुन पनि सक्छ। तर त्यस्तो हुनु भनेको चन्द्रमा पृथ्वीमा आउनु हो ।

भारत र चीनजस्ता परम्परागत र शत्रुराष्ट्रहरू ब्रिक्सभित्र पर्दछन् भने यस सङ्गठनभित्र पर्ने अर्को राष्ट्र रूस विश्वभरि नै बदमान छ । खासगरी युरोपेली राष्ट्रहरूको नजरमा । क्रिमियालाई आफ्नो राष्ट्रभित्र विलय गर्नु र युक्रेनमाथि हमला गरेर त्यो सानो राष्ट्रलाई तहसनहस पार्ने भ्लादिमिर पुटिनको कार्यले युरोपका धेरै राष्ट्रलाई चिन्तित बनाएको छ । युरोपका साना राष्ट्र त भोलिका दिनमा पुटिनले हाम्रो देशमाथि पनि युक्रेनभ्कैं हमला गर्ने हो कि भनि सशङ्कित छन्– जस्तै फिनल्यान्ड, डेनमार्क, पोल्यान्ड आदि सशङ्कित भएभ्कैं। यस्तो स्थितिमा युरोपेली राष्ट्रहरूले ब्रिक्स भित्र रूसको उपस्थितिलाई सहर्ष स्वीकार गर्ने सम्भावना देखिंदैन। अर्कोतिर आफू अमेरिकाको मित्रराष्ट्र हुँ जस्तो देखाउने मोदी प्रशासन रूस र चीनको नजिक उभिनुले अमेरिका मोदी प्रशासन मात्र होइन, भारतको वैदेशिक नीतिप्रति पनि सशङ्कित हुने ठाउँ धेरै छ। यस्तो स्थितिमा ब्रिक्सले औपचारिक सङ्गठनको रूप पाउनु केवल कल्पना हुनेछ, अहिलेको लागि। ब्रिक्सले, युरोपियन युनियनजस्तो औपचारिक सङ्गठनको मान्यता पाउने र त्यसै अनुरूप कार्य गर्ने सम्भावनासमेत पनि देखिंदैन ।

अमेरिकालाई तर्साउन चीन र रूसले ब्रिक्सको प्रयोग गर्ने कुरामा भने दुई मत हुन सक्तैन। एशिया मात्र होइन, अफ्रिकी देशहरूमा समेत पनि चीन र रूस आफ्नो शक्ति विस्तार गर्नमा लागेका छन्। कुन देशलाई कसरी प्रभावित गर्ने भनी अनेक रणनीति तयार पारिरहेका छन्। जसरी अमेरिकाले युरोपेली देशहरूको नेतृत्व गरेको छ, त्यस्तै किसिमले रूस पनि एशियाली मुलुकहरूको नेतृत्व गर्न चाहन्छ। चीन पनि त्यही चाहन्छ। भारत पनि त्यही गर्न चाहन्छ ।

यसैगरी ब्रिक्सको सदस्य भएर बेला मौका अमेरिकालाई घुर्क्याउन ब्रिक्सको उपयोग गर्ने भारतको भित्री दाउ छ। र भारतको यो दाउ अमेरिकालाई पनि थाहा छ। सत्य भने भिन्न छ। भारतलाई ब्रिक्स अभियानको सदस्य हुनुभन्दा अमेरिकाको नजीक हुनु फाइदाजनक छ; व्यापारिक र रणनीतिक दुवै उद्देश्यले।

यस किसिमका अनेक कारणले ब्रिक्स केवल एक अभियानको रूपमा सीमित रहने र यसको प्रयोग केवल कागजी बाघको रूपमा गरिने पक्का छ। ब्रिक्स भित्रका सदस्यहरूको आआफ्नै दाउपेचका कारण बेलाबेला भेट्ने एउटा क्लबको रूपभन्दा बढी केही हुने छैन । ब्रिक्स युरोप र अमेरिकालाई तर्साउन बनाइएको एउटा कागजको तोपबाहेक केही पनि होइन। ब्रिक्सका सदस्य राष्ट्रहरूलाई यो कुरा राम्ररी थाहा छ।

यसैबीच दक्षिण अफ्रिकाको जोहान्सबर्गमा ब्रिक्स राष्ट्रका राष्ट्र प्रमुख एवं सरकार प्रमुखहरूको सिखर सम्मेलन सम्पन्न भएको छ। ब्रजीलका राष्ट्रपति लुइस नासियो लुला डि सिल्वा, चीनका राष्ट्रपति सी जिनपिङ, दक्षिण अफ्रिकाका राष्ट्रपति सेरिल रामाफोसा, भारतका प्रम नरेन्द्र मोदी र रूसका परराष्ट्रमन्त्री सर्गेइ लाभरोभले भाग लिएको उक्त शिखर सम्मेलन अगस्त, २०२३ को २२ देखि २४ तारिखसम्म चलेको थियो । मनवताविरोधी कार्य गरेको भन्दै रूसका राष्ट्रपति भ्लादिमिर पुटिनमाथि पक्राउ पुर्जी जारी गरिएकोले उनी यो सम्मेलनमा उपस्थित भएका थिएनन् । भिडियो कन्फरेन्सको सहयोगबाट सहभागी भएका थिए ।

दक्षिण अफ्रिकाका राष्ट्रपति प्रमुख रहेको उक्त सम्मेलनले इरान, अर्जेन्टिना, इजिप्ट, इथियोपिया, साउदी अरेबिया तथा संयुक्त अरब इमिरेट्सलाई नयाँ सदस्यको रूपमा यस सङ्गठनमा प्रविष्ट गराउने घोषणा गरेको थियो । साथै यस अभियानको नाम अबदेखि 'ब्रिक्स प्लस' हुने पनि घोषणा गरेको थियो।

चाखलाग्दो कुरा त के छ भने ब्रिक्स राष्ट्रहरूको १५ औं शिखर सम्मेलन, जुन जोहेनेसबर्गमा भएको थियो, समाप्त भएको एक हप्ता पनि बितेको छैन, चीनले भारतको अरुणाचल प्रदेशलाई समेटेर आफ्नो देशको नयाँ नक्शा सार्वजनिक गरेको छ। उक्त नक्शालाई चीनले स्टान्डर्ड नक्शा भनेको छ। यो नयाँ नक्शाले चीन र भारतबीच कस्तो विवाद हुने हो, कस्तो वाक्युद्ध हुने हो ? वा छोटो नाटकीय युद्ध हुने हो, त्यो हेर्न भने बाँकी नै छ।

अर्काको भूमिलाई आफ्नो देशभित्र गाभेर देखाउन भारत पनि कम छैन। त्यति मात्र होइन, भारतले सिक्किमजस्तो स्वतन्त्र देश (विनाविवाद स्वतन्त्र राष्ट्र रहेको) बलपूर्वक आफूमा गाभेको ताजा इतिहास नै छ ।

ब्रिक्स राष्ट्रहरूको आफ्नै व्यवहार सह–अस्तित्वमा विश्वास गर्ने नभएर हेपाहा किसिमको छ । खासगरी चीन, भारत र रूसको आफू शक्तिराष्ट्र हुने सपनाले यी राष्ट्रबीच सहकार्य भएर यस क्षेत्रमा व्यापार विस्तार हुने सम्भावनालाई क्षीण पारिदिन्छ । चीन र भारतको सम्बन्ध कहिले पनि सुमधुर हुन सक्तैन। यसैगरी पुटिन रूसको राजनीतिमा सक्रिय रहेसम्म रूसले युरोपेली देशहरूलाई शान्तिपूर्वक बस्न दिंदैन । यस्तो परिस्थितिमा ब्रिक्स एक साझा बजार हुने कल्पनासम्म गर्न पनि कठिन छ ।

एशिया र अफ्रिकाका अनेक राष्ट्रहरूको राजनीतिलाई अस्थिर पार्नमा चिरपरिचित दुई राष्ट्र साउदी अरेबिया र इरानको ब्रिक्स समूहमा प्रवेश हुने घोषणाले त भ्कनै यो समूहको भविष्यलाई धमिलो पारिदिएको छ। इरान र साउदी अरेबियाको सम्बन्ध सदासर्वदा अमिलो मात्र होइन, शत्रुतापूर्णसमेत छ। यमनमा इरान र साउदी अरेबियाले अप्रत्यक्ष युद्ध (Proxy war) गरिरहेका छन् । यस्तो स्थितिमा इरान र साउदी अरेबियाबीच व्यापार होला भन्ने कल्पनासमेत गर्न सकिन्छ ?

अब केही विचारणीय पक्षमाथि चर्चा गरौं । ब्रिक्सको भविष्य उज्यालो नभए तापनि यसलाई किन यति महत्त्वका साथ प्रस्तुत गरिंदैछ ? साझा बजारको रूपमा यसको व्यापक प्रयोग हुनेछ भनी किन प्रचार प्रसार गरिंदैछ ? माथिका प्रश्नहरूको उत्तर सरल छ। अमेरिका र युरोपलाई हामी पनि एक शक्ति हौं भन्ने वा शक्ति प्रर्दशन गर्ने भन्दा अर्को उद्देश्य ब्रिक्स अभियानका सदस्य राष्ट्रहरूको रहेको देखिंदैन। त्यसकारण आवरणमा यो एउटा साझा बजारको रूपमा देखिए तापनि आवरणभित्र भने यो एक राजनीतिक समूह हो । यस अभियान राष्ट्रका सदस्यहरूको भिन्न भिन्न उद्देश्य भए तापनि 'अमेरिका र युरोपलाई तर्साउन वा घुर्क्याउने' बारे साझा धारणा छ । उदाहरणका लागि चीन, रूस, इरानजस्ता देशले अमेरिका वा युरोपलाई तर्साउन ब्रिक्सको प्रयोग गर्नेछन् भने भारत, साउदी अरेबिया, युएईजस्ता राष्ट्रहरूले ब्रिक्सको प्रयोग अमेरिका वा युरोपलाई घुर्क्याउनका लागि गर्नेछन् ।

यी विभिन्न तथ्यहरूको विश्लेषणबाट प्राप्त जानकारीले ब्रिक्स साझा बजार हुन नसक्ने यथार्थ प्रस्टसँग प्रस्तुत गर्दछ।

# रक्षाबन्धन : जनकपुरधाममा अढाई करोडको मिठाइ बिक्री

प्रत्येक वर्ष श्रावण शुक्ल पूर्णिमाका दिन मनाइने रक्षाबन्धन, जनै पूर्णिमा (ऋषितर्पणी) पर्वले जनकपुरधामका मिठाइ व्यापारीलाई केही राहत भएको छ ।



अरू क्षेत्रमा जस्तै व्यापारमा मन्दी भएको गुनासो गर्दै आएका मिठाइ व्यापारीले रक्षाबन्धन (राखी पर्व), जनै पूर्णिमाको दिन बिहीवार करीब दुई करोड ५० लाख बराबरको व्यापारले राहत महसूस भएको बताएका छन् ।

होटल व्यवसायी सङ्घ धनुषाका उपाध्यक्ष एवं हंसराज मिठाइ पसलका सञ्चालक सन्तोष गुप्ताले राखी पर्वका अवसरमा जनकपुर बजार क्षेत्रमा मात्रै अढाई करोड बराबरको मिठाइको व्यापार भएको बताए। उनले गत वर्षको तुलनामा व्यापार कम भएपनि अन्य समयको तुलनामा आज राम्रो व्यापार भएको जानकारी दिए ।

"जनकपुरधाममा साना–ठूला गरी करीब एक सय पसलले नियमितरूपमा व्यापार गरिरहेका छन्। आज मात्रै थप दुई सय मिठाइका स्टल लागेका थिए। अहिलेसम्मको जानकारी अनुसार अढाई करोडको व्यापार भएको छ," गुप्ताले भने, "अब नेपालीहरूले मनाउने विभिन्न चाडपर्व आउँदैछन्, त्यसैले मिठाइको व्यापार निरन्तर बढ्ने हाम्रो अनुमान छ।"

रघुपति मिष्ठान भण्डारका सञ्चालक सन्तोष साहले पनि यसपालिको मिठाइ व्यापार सन्तोषजनक रहेको बताए। उनले आफ्नो पसलबाट मात्रै रक्षाबन्धनका अवसरमा १६ क्विन्टल मिठाइको व्यापार भएको र दशैंतिहारमा अहिलेको तुलनामा दोब्बर व्यापार हुने गरेको जानकारी दिए । "हामी नियमितरूपमा मिठाइको व्यापार गरिरहेका छौं। चाडपर्वबाहेकको समयमा राम्रो व्यापार हुँदैन । अब अरू चाडपर्व पनि आउन लागेकाले व्यापार बढ्ने अपेक्षा छ । तर दूधको मूल्य, मिठाइ बनाउने जनशक्तिको अभावले केही कठिनाइ भने छ," साहले भने ।

होटल व्यवसायी सङ्घ धनुषाका पूर्वअध्यक्ष दशरथ साहले भने कोरोना महामारीलगायतका कारणले जनकपुरमा आर्थिक गतिविधि बढ्न नसकेकाले अहिले पनि उत्साहजनक व्यापार नभएको बताए।

"पहिला पाँच करोडभन्दा बढीको मिठाइ बिक्री हुने गरेको थियो, यसपटक भने अढाई करोडको मात्रै व्यापार भएको छ । अरू महीनाका तुलनामा यो राम्रो भएपनि जनकपुरमा विगत वर्षहरूमा जस्तो व्यापार बढेन भन्ने उदाहरण पनि हो यो । ठीकै छ, आगामी दिनमा थप सुधार होला," पूर्वअध्यक्ष साहको भनाइ छ।

जनकपुरधाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष जीतेन्द्र महासेठले अरू व्यापारको तुलनामा होटल तथा मिठाइ व्यवसाय चलायमान रहेको र चाडपर्वको समय आउन लागेकाले मिठाइ व्यापारले गति लिने विश्वास व्यक्त गरे । मिठाइबाहेक राखीको व्यापार पनि करीब रु २५ लाखको भएको अनुमान रहेको अध्यक्ष महासेठले बताए ।

रक्षाबन्धन विशेषगरी तराई–मधेस र मारवाडी समुदायले मनाउने गरेका छन्। यो पर्वमा दिदीबहिनीले दाजुभाइलाई नकारात्मक तत्त्वबाट सुरक्षा प्राप्त हुने धार्मिक विश्वाससहित रक्षाबन्धन (विशेष धागो) बाँध्ने प्रचलन छ । दिदीबहिनीले दाजुभाइलाई मिठाइसहितको खानेकुरा दिने र दाजुभाइले शक्ति अनुसारको उपहार दिने गरेका छन् ।

जनकपुरमा विभिन्न प्रकारका मिठाइको मूल्य रु पाँच सयदेखि एक हजार चार सयसम्म रहेको छ। आज वैदिक सनातन धर्मावलम्बीले नदी, ताल, तलाउ, पोखरीमा गई स्नान गरेर गुरु पुरोहितबाट पनि रक्षा सूत्र (डोरो) बाँध्ने गर्छन् ।

# भारतको त्रैमासिक कुल गार्हस्थ्य उत्पादनमा ७.८ प्रतिशतको वृद्धि

नयाँ दिल्ली, १४ भदौ ⁄ एएफपी


उपभोक्ताको उच्च मूल्यले घरायसी बजेटमा पर्ने असरबारे सरकारको डरका बावजूद भारतको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) पछिल्लो त्रैमासिकमा ७.८ प्रतिशतले वृद्धि भएको सरकारी तथ्याङ्कले देखाएको छ।

दक्षिण एशियाली राष्ट्रले गत वर्ष बेलायतलाई उछिन्दै विश्वको पाँचौं ठूलो अर्थतन्त्र बनेको थियो भने जनसङ्याका हिसाबले हालै चीनलाई उछिनेर सबैभन्दा बढी जनसङ्ख्या भएको देश बनेको छ ।

कोभिड–१९ को महामारीपछि यसको वृद्धिदर ७.२ प्रतिशतले वृद्धि भएको छ र विश्वका ठूला अर्थतन्त्रमध्ये सबैभन्दा माथि रहेको छ ।

बिहीवार सार्वजनिक तथ्याङ्क गत आर्थिक वर्षको चारवटा त्रैमासिकमध्ये सबैभन्दा उच्च रहेको देखाएको छ । सरकारी तथ्याङ्कले वित्तीय, रियल इस्टेट र व्यावसायिक सेवा क्षेत्रको लागि १२.२ प्रतिशतको वार्षिक वृद्धि देखाउँछ ।

अन्य देशहरू जस्तै भारत पनि विश्वव्यापी वित्तीय अवस्था, युक्रेनको युद्ध र भूराजनीतिक तनावजस्ता विश्वव्यापी हेडविन्डहरूबाट प्रभावित भएको छ ।




भारतको केन्द्रीय बैंकले यसै महीना खाद्य पदार्थको उच्च मूल्य वृद्धिले घरायसी बजेटमा असर पारेको र अझ खराब हुने अनुमान गरिएको थियो ।

मुद्रास्फीति जूनमा ४.८१ प्रतिशतसम्म पुगेको थियो, जुन गत वर्षको ७.७९ प्रतिशतको उच्च बिन्दुबाट अझै पनि तल झरेको छ ।

भारतीय वित्तमन्त्री निर्मला सीतारमणले यसै महीना संसद्मा भनेकी थिइन्, "सरकारले उच्च मूल्य नियन्त्रणका लागि कदम चालेको छ, जसले आम नागरिकलाई मारमा पारिरहेको छ।"

खाद्यान्नको मूल्य वृद्धि, खराब मौसम र प्रमुख उत्पादन क्षेत्रमा कीराको आक्रमणले गोलभेंडाजस्ता मुख्य बालीमा क्षति पुऱ्याउनु सरकारको चिन्ताको विषय हो।

सीतारमणले मूल्यको चाप कम गर्न सरकारले खाद्यान्न आयात बढाएको र आयात प्रतिबन्धलाई खुकुलो बनाएको बताएकी छन् ।

विश्व बैंकका भारत हेर्ने निर्देशक अगस्टे तानो कोउमेले अप्रिलमा विश्व बैंकले बाह्य झट्काप्रति बलियो लचिलोपन देखाइरहेको बताएका थिए ।

अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) ले यस वर्ष भारतको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) ६.१ प्रतिशत रहने प्रक्षेपण गरेको छ ।

आइएमएफका अनुसन्धान विभागका प्रमुख डेनियल लेहले गत महीना भनेका थिए, "भारत आर्थिक वृद्धिदर भएको र निकै शक्तिशाली अर्थतन्त्र भएको मुलुक हो र यसको यसको प्रगति जारी छ।"

# तीन सयले बढ्यो सुनको मूल्य

काठमाडौं, १४ भदौ ⁄ रासस

सुनचाँदी बजारमा आज छापावाल सुनको मूल्य प्रतितोला रु तीन सयले बढेको छ। बुधवार तोलाको रु १,१२,५०० रहेको सुनको मूल्य आज प्रतितोला रु एक लाख १२ हजार आठ सय निर्धारण गरिएको छ ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरण अनुसार आज तेजाबी सुनको मूल्य प्रतितोला रु एक लाख १२ हजार दुई सय ५० कायम भएको छ । उक्त सुनको मूल्य अघिल्लो दिन प्रतितोला रु एक लाख ११ हजार नौ सय ५० थियो ।

त्यस्तै आज चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यको तुलनामा प्रतितोला रु पाँचले घटेर रु एक हजार चार सय ८० तोकिएको महासङ्घले जनाएको छ । महासङ्घले अन्तर्राष्ट्रिय बजारमा हुने सुन तथा चाँदीको कारोबार मूल्यको तुलनामा यहाँ दैनिक कारोबार मूल्य तोक्दै आएको छ ।

# उत्पादनमुखी अर्थतन्त्रमा जोड देऊ

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**मुलुकभित्र उद्यमशीलताको विकास गरी विभिन्न उद्योग व्यवसाय स्थापना एवं सञ्चालनविना उत्पादन बढाउन सकिंदैन । उत्पादन नबढाई आम्दानी हुने कुरै भएन । आम्दानी नबढाई देशमा समृद्धि सम्भव छैन ।**

अहिले मुलुकमा औद्योगिक वातावरण खस्कँदो छ। रोजगार सिर्जना, लगानी आकर्षण र पूँजी सिर्जना गर्ने औद्योगिक क्षेत्रको योगदान अर्थतन्त्रमा औसतमा पाँच प्रतिशतमा सीमित रहेको छ । औद्योगिक क्षेत्र खुम्चिंदा उद्योग व्यवसायमा सङ्कट आउने र यसले रोजगारसमेत गुम्न सक्ने तथा व्यवसाय नै बन्द गर्नुपर्ने अवस्था आउन थालेको छ। बढ्दो बेरोजगारका कारण उपभोक्ताको खर्च गर्न सक्ने क्षमतामा ह्रास आएर वस्तुको माग घट्न थालेको छ। हुनत अर्थतन्त्रका बाह्य सूचकहरूमा उत्साहपूर्ण सुधार भइरहँदा आन्तरिक अर्थतन्त्र भने शिथिल अवस्थामा रहेको छ। रेमिट्यान्स आप्रवाह निरन्तर वृद्धि, शोधनान्तर स्थिति बचतमा रहे पनि उद्योग-व्यवसाय पूर्ण क्षमतामा चल्न सकेका छैनन्, पूर्वाधार निर्माणको काम प्रायः ठप्प जस्तै छ, कर्जा माग छैन, निजी क्षेत्रको मनोबल खस्किएको छ । यस्तो अवस्थामा मुलुकले लामो अवधिको लागि लिएको विकाससम्बन्धी योजनाहरूमा नकारात्मक प्रभाव पर्न जान्छ र उत्पादनशील उमेर समूहका लाखौं युवा मुलुकमा गुमेको अवसरका कारण विदेशिने क्रम बढ्दै जान्छ। त्यसैले उत्पादनमा आधारित अर्थतन्त्र नै सबैभन्दा बलियो अर्थतन्त्र हुने भएकोले औद्योगिक क्षेत्रको विस्तारमा नयाँ सरकारको ठोस पहल आवश्यक छ । यसका लागि अर्थतन्त्रको महत्त्वपूर्ण स्तम्भ मानिने निजी क्षेत्रसँग आवश्यक समन्वय र सहकार्य गरेर मुलुक सुहाउँदो समाजवाद उन्मुख नयाँ आर्थिक नीति तयार गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्नु वर्तमान सरकारको प्रमुख कार्यभार हुनुपर्दछ ।

हुनत आन्तरिक अर्थतन्त्र चलायमान बनाउन सरकारले केही नगरेको भने होइन, केही नीतिगत प्रयास गरेको छ तर त्यो पर्याप्त देखिंदैन । विसं.२०७९ असारमा रेमिट्यान्स आप्रवाह र विदेशी मुद्रा सञ्चिति बढ्दो तथा निर्यात घट्दो अवस्थामा थियो, आयात र शोधनान्तर घाटा बढिरहेको थियो । जसकारण सरकारले आयात प्रतिबन्ध र राष्ट्र बैंकले प्रतीतपत्र (एलसी) मा नगद मार्जिनजस्ता नीतिगत कडाइको व्यवस्था गरेको थियो। मुलुक भित्रिने र बाहिरिने विदेशी मुद्राको अवस्था जनाउने सूचक शोधनान्तर एक वर्ष अघि करीब साढे २ खर्ब रुपियाँले घाटामा रहेकोमा अहिले करीब ३ खर्ब रुपियाँ (गत असारसम्म) ले बचतमा छ। विदेशी मुद्रा सञ्चिति पनि १५ खर्ब ३९ अर्ब रुपियाँ पुगेको छ । सरकारले आयातमा गरेको कडाइ अहिले हटाइसकेको छ। यसको अर्थ अर्थतन्त्रमा देखिएको बाह्य जोखिम हटिसकेको बुझ्न सकिन्छ । अहिले बैंक तथा वित्तीय संस्थामा करीब पौने ४ खर्ब रुपियाँ लगानीयोग्य रकम थुप्रिएको छ। गएको आर्थिक वर्षमा रेमिट्यान्समार्फत मुलुकमा १२ खर्ब २० अर्ब ५६ करोड रुपियाँ भित्रिएको छ, जुन अघिल्लो आर्थिक वर्षको तुलनामा २१.२ प्रतिशत बढी हो। चालू खाता घाटामैं भए पनि पछिल्ला महीनाहरूमा घाटाको दर घट्दो छ । अर्कोतिर पछिल्ला महीनामा आयातसँगै निर्यात पनि घटेको छ।

व्यापारका लागि चाहिने पूँजीगत सामान, कच्चा पदार्थ, मेशीनरी पार्टपूर्जा भित्रिने क्रम नै घट्दै जानु अर्थतन्त्रका लागि राम्रो होइन। व्यापार घट्नु भनेको आर्थिक मन्दीको सङ्केत पनि हो। अहिले मुलुकको अर्थतन्त्रमा मूल्यवृद्धि, महँगो ब्याजदर, व्यवसायीको सुरक्षालगायत अनेकौं समस्या छन्। कालो अर्थतन्त्रको विकास भइरहेको छ। स्वच्छ र पारदर्शी व्यवसाय गर्नेहरू पलायन हुने स्थितिमा छ। एलसी खोलेर, कर तिरेर सामान ल्याउने इमानदार व्यापारीहरूले बजारमा चोर बाटोबाट आएको सामानसँग प्रतिस्पर्धा गर्दा उनीहरूमा निराशा बढ्दो छ। अधिकांश उद्योग आधाभन्दा कम क्षमतामा चलिरहेका छन्। थप लगानी गर्ने आत्मविश्वास उद्योगीमा छैन । वैदेशिक लगानी भित्रिने क्रम निरन्तर घटिरहेको छ। सरकारी खर्च र आयको सन्तुलन नमिल्दा सरकारी ढुकुटीमा चाप परेको स्थिति छ। वैदेशिक अनुदान तथा सहायताको अवस्था पनि निराशाजनक रहेको छ । प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउने नीतिगत प्राथमिकताको चार दशक लामो इतिहास भए पनि नेपालमा लगानीको कथा बिलकुलै आकर्षक छैन। वास्तवमा प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्ने अपेक्षामा जति महत्त्वाकाङ्क्षी भएर नेपालले आफ्नो नीति, योजना र वार्षिक बजेटमा स्थान दिने र चर्चा गर्ने गरेको छ, त्यति प्रभावकारी नभएको सत्य विभिन्न तथ्याङ्कबाट उजागर भइसकेको छ । विगतमा सरकारले नै आयोजन वा प्रायोजन गरेका लगानी सम्मेलन, पूर्वाधार सम्मेलन आदिले पनि वैदेशिक लगानीको प्रतिबद्धता नै न्यून हुने र प्रतिबद्धता भएकामध्ये आधा पनि प्रत्याभूत नहुने परिस्थितिमा तात्त्विक सुधार ल्याउन सकेनन् । यसरी अर्थतन्त्रमा शिथिलता देखिन थालेको करीब डेढ वर्ष भइसक्दा पनि सुधारका लागि प्रभावकारी कदम चाल्न सरकारले तदारूकता देखाएको छैन।

आर्थिक वर्ष २०७९/८० मा नेपालमा ३८ अर्ब ६६ करोड ९० लाख रुपियाँ बराबरको वैदेशिक लगानी प्रतिबद्धता आएको उद्योग विभागबाट प्राप्त प्रारम्भिक तथ्याङ्कले देखाएको हो। योसँगै नेपालमा आएको कुल वैदेशिक लगानी प्रतिबद्धताको आकार चार खर्ब ५६ अर्ब ३८ करोड १० लाख पुगेको छ। यद्यपि, गत आवमा वैदेशिक लगानी प्रतिबद्धता २२ प्रतिशतले घटेको छ। अघिल्लो आव २०७८/०७९ मा ४९ अर्ब ४३ करोड २७ लाख रुपियाँ बराबरको वैदेशिक लगानी प्रतिबद्धता आएको थियो। तर, समीक्षा वर्षमा त्यस्तो प्रतिबद्धता १० अर्ब ७६ करोड ३४ लाखले घटेको विभागको तथ्याङ्क छ। हुनत नेपालमा सोचेको जस्तो विदेशी लगानीकर्ता आकर्षित हुन नसक्नु र निर्यात प्रवर्द्धन नहुनुमा विशेषतः मुलुकभित्रको राजनीतिक, आर्थिक र प्रशासनिक वातावरण जिम्मेवार छ । वास्तवमा चालू पूँजी कर्जासम्बन्धी कार्यविधिमार्फत अधिक नियमन, उद्योग, व्यापार, व्यवसायमा चर्को ब्याजदरको ऋण, प्रमुख औद्योगिक करिडरहरूमा दैनिक विद्युत् कटौती, उत्पादनमूलक क्षेत्रमा रेमिट्यान्स उपयोगको नीतिगत अभाव, प्रसारण लाइन अभावमा बिजुली खेर, उच्च मूल्यवृद्धि र न्यून पूँजीगत सरकारी खर्च अर्थतन्त्रमा अहिलेका मुख्य अवरोध हुन्। लामो समयदेखि रोकिएको जग्गा कित्ताकाट सरकारले गत साउन अन्तिम साता खोलेको छ । कित्ताकाट खोलेपछि अर्थतन्त्रका सबै अवरोध समाधान हुन्छ भन्दै प्रधानमन्त्री र मन्त्रीहरूले चर्चा गर्दै आएका पनि छन्। कित्ताकाट खुल्दा घरजग्गाको किनबेच बढ्ने भएकोले त्यस क्षेत्रमा केही चहलपहल बढ्छ तर यसले मात्र सिङ्गो मुलुकको अर्थतन्त्र चलायमान बनाउन सक्दैन।

अहिले अर्थतन्त्रको समस्या घरजग्गाभन्दा पनि उद्योगी-व्यवसायी र उपभोक्ताको मनोबलसँग गाँसिएको छ। सरकारले उद्योगी-व्यवसायीको मनोबल र समग्र बजारमा माग बढाउने विशेष नीतिगत व्यवस्था गर्न ढिला भइरहेको छ । बाह्य सूचकमा प्राप्त उपलब्धिले प्रदान गरेको थप खर्च गर्ने अवसर (फाइनान्सियल स्पेस) लाई भरपूर उपयोग गर्नुपर्छ । मुलुकभित्र र बाहिरबाट जतिसक्दो धेरै स्रोत सङ्कलन गरेर पूँजीगत खर्च बढाउनुपर्छ । विदेशबाट तत्काल लगानी जुटाउन नसके सरकारले राष्ट्र बैंकबाट ओभरड्राफ्ट लिएरसमेत थप लगानी गर्न सक्छ । राष्ट्र बैंकले पनि सहज कर्जा नीति र पुनर्कर्जामार्फत उत्पादनमूलक क्षेत्रमा लगानी प्रोत्साहन गर्न सक्छ। आन्तरिक कच्चा पदार्थमा आधारित उद्योग-व्यवसायको विकास र विस्तारलाई सरकारले प्राथमिकता दिनुपर्छ । यसले रोजगार, राजस्व सङ्कलन, नागरिकको आयआर्जनमा पनि बढोत्तरी ल्याउँछ र मुलुकको अर्थतन्त्र पनि दिगो हुन्छ। नियमनमा अति कठोर र सुधारमा अनुदार नीतिले अर्थतन्त्रको विद्यमान समस्या समाधान गर्दैन। आयात र निर्यातबीच अन्तर धेरै हुनु अर्थतन्त्रका लागि दीर्घकालीनरूपमा गम्भीर विषय हो। यसको प्रमुख कारण देशमा उत्पादन नहुनु हो । सधैंभरि रेमिट्यान्स र आयातबाट आउने राजस्वको भरमा मात्र मुलुकको अर्थतन्त्र चलायमान हुन सक्दैन। यसको दीर्घकालीन समाधानका लागि राज्यले उद्योग व्यवसायको वृद्धि गरी उत्पादन बढाउँदै निर्यातमा वृद्धि गर्नु अहिलेको अपरिहार्य आवश्यकता हो । यसका लागि पूँजीगत खर्चको अधिकतम प्रयोग गर्दै आयात प्रतिस्थापन गर्ने खालका उद्योगहरूको स्थापना एवं सञ्चालन गर्न आवश्यक देखिन्छ। फलस्वरूप नेपालमैं रोजगार सिर्जना हुन्छ र लाखौं युवा विदेश जानुपर्दैन। यसले आयात र निर्यात बीचको असन्तुलनमा कमी ल्याउँछ।

विकसित मुलुकहरूको आर्थिक सूचकाङ्क हेर्दा, सबैजसोमा रोजगारको अवसर एवं राजस्वजस्ता पक्षमा सेवा क्षेत्र (पर्यटन, शिक्षा, स्वास्थ्य, होटल, यातायात आदि) को योगदान ५० प्रतिशतभन्दा माथि हुने गर्छ । नेपालले पनि यो क्षेत्रको विकासलाई सबैभन्दा बढी प्राथमिकतामा राख्न जरूरी छ । कृषिमा निर्भर ठूलो जनशक्तिलाई तत्काल अन्य क्षेत्रमा स्थानान्तरण गर्न सम्भव छैन। त्यसैले मासुजन्य, दुग्धजन्य पदार्थ एवं तरकारी र फलफूल, जसले थोरै जमीनमा धेरै उत्पादन दिन सक्छ, त्यस्ता क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्छ । स्वदेशी तथा विदेशी लगानीका सम्पूर्ण अवरोधलाई तत्काल सम्बोधन गर्नेगरी कार्यक्रम ल्याउनुपर्छ । जग्गा प्राप्ति सम्बन्धी ऐन संशोधन गर्दै सार्वजनिक हितका निम्ति जग्गा अधिग्रहण गर्न पाउने व्यवस्थामा निजी क्षेत्रका उद्योग-व्यवसायलाई पनि सार्वजनिक हितको श्रेणीमा राख्न आवश्यक छ। मालपोत, बैंक एवं मुआब्जाका लागि गरिएका छुट्टाछुट्टै मूल्याङ्कन व्यवस्था हटाई एउटै लागू गर्नुपर्छ। सार्वजनिक हितका लागि जङ्गल क्षेत्र प्राप्तिसम्बन्धी ऐन संशोधन गरी खुकुलो बनाउनुपर्ने हुन्छ। वास्तवमा औद्योगिक विकासविना आर्थिक समृद्धि सम्भव छैन । त्यसैले औद्योगिक विकासलाई आर्थिक विकासको मेरुदण्ड मानिन्छ । औद्योगिक विकास आर्थिक समृद्धिको प्रमुख आधार पनि हो। आयात प्रतिस्थापन गर्ने विभिन्न खालका उद्योग सञ्चालन गरी उत्पादन बढाउँदै लैजानु पर्छ। ती उत्पादित वस्तुहरूको आन्तरिक बजारमा बिक्री वितरण र यसको निर्यातबाट राज्यको कर तथा राजस्वमा वृद्धि हुन्छ । फलस्वरूप विदेशी मुद्राको आर्जन तथा सञ्चिति, रोजगार सिर्जना र जनताको आम्दानीमा अभिवृद्धि भई देशको आर्थिक विकासमा सहयोग पुग्छ।

मुलुकभित्र उद्यमशीलताको विकास गरी विभिन्न उद्योग व्यवसायहरूको स्थापना एवं सञ्चालनविना उत्पादन बढाउन सकिंदैन । उत्पादन नबढाई आम्दानी हुने कुरै भएन । आम्दानी नबढाई देशमा समृद्धि सम्भव छैन । त्यसैले ओद्यौगिक क्षेत्रको विकास तथा उत्पादनमा वृद्धि नगरी आर्थिक समृद्धि सम्भव देखिंदैन । त्यसैले अर्थतन्त्रमा देखिएको समस्या समाधानका लागि यसको संरचनात्मक सुधार गर्नुपर्ने देखिन्छ। यसका लागि आयातमुखी अर्थतन्त्रलाई उत्पादनमुखी बनाउन एवं आयात विस्थापन र रोजगार सृजना गर्ने खालका परियोजनामा लगानी बढाउनुपर्ने रणनीति सरकारको हुनुपर्छ

# सुन प्रकरण : दावा छिरिङले निमा तामाङको नाममा नागरिकता लिएको पुष्टि

काठमाडौं, १४ भदौ/रासस

सुन तस्करी प्रकरणमा पक्राउ परेका तिब्बती मूलका बेल्जियमको पासपोर्टधारी दावा छिरिङले काभ्रेपलाञ्चोक जिल्ला प्रशासन कार्यालयबाट निमा तामाङका नाममा नागरिकता लिएको पुष्टि भएको छ। गृह मन्त्रालयका अनुसार उनले काभ्रेपलाञ्चोकको नमोबुद्ध नगरपालिका-११ का पेमा तामाङको छोरो बनेर नागरिकता लिएको गृह मन्त्रालयले बनाएको छानबीन टोलीले पुष्टि गरेको छ।

गृह मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार उक्त विषयमा छानबीन गर्न गत साउन २२ गते गृह मन्त्रालयको नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखाका उपसचिव कृष्णबहादुर कटुवालको संयोजकत्वमा पाँच सदस्यीय छानबीन समिति गठन गरिएको थियो।

समितिमा गृह मन्त्रालयको कानूनी शाखा अधिकृत प्रमोद विक, काभ्रेपलाञ्चोकका प्रहरी नायब उपरीक्षक ढुण्डीराज न्यौपाने, अध्यागमन विभागका अधिकृत खेमराज सापकोटा र जिल्ला प्रशासन कार्यालय काभ्रेका प्रशासकीय अधिकृत मीनराज थापा थिए।

समितिले दुई हप्ता लगाएर गरेको अनुसन्धानमा उनले नेपालबाट नागरिकता लिएको पुष्टि भएको हो। उनी नेपालमा बेल्जियमको नागरिकका रूपमा पर्यटक भिसामा आएको अवस्थामा पक्राउ परेका थिए। उनले नेपाली नागरिकता लिएको पाइएपछि तथ्य पुष्टि गर्न अनुसन्धान टोली गठन गरिएको थियो । सो नागरिकताको यकीन गर्न गरिएको अनुसन्धानमा उनले कीर्ते गरेर नेपाली नागरिकता लिएको पुष्टि भएको छानबीन समितिका एक सदस्यले राससलाई जानकारी दिए।

उनले भने-"निमा लामाको नामबाट नागकिरता लिएको पुष्टि भयो, अनुसन्धानमा उनको सिआइबी, अध्यागमन विभागमा भएको बायोमेट्रिक र हिरासतमा भेटेर लिएको बायोमेट्रिक मिलेकोले उनकै नागरिकता भएको पुष्टि गरेका छौं ।" समितिले बनाएको प्रतिवेदन मन्त्रालयलाई बुझाइसकिएको छ । थप अपराध अनुसन्धान भने सिआइबीले नै हेर्ने गरी सिफारिश गरिएको पनि समितिले जनाएको छ।

दावालाई गत साउनको १३ गते शनिवार राजस्व अनुसन्धान विभागले पक्राउ गरेको थियो। ठमेलको होटल भियानामा छापा मारी उनलाई पक्राउ गरिएको थियो । १७ वर्ष अघि पनि उनी पक्राउ परेका थिए। उनले २०७४ पुस २० गते नागकिरता लिएको खुलेको थियो। उनीसहित अन्य केही व्यक्तिले पनि नेपाली नागरिकता लिएको खुलेको छ। केहीसँग भारतीय आधार कार्डसमेत भेटिएको थियो । गत साउन ३ गते ब्रेक शूमा राखेर ल्याइएको ६० किलो सात सय १६ ग्राम सुन राजस्व अनुसन्धान विभागले बरामद गरेको थियो।

अहिले उक्त प्रकरणको अनुसन्धान प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो सिआइबीले गरिरहेको छ । छ विदेशीसहित २५ जना पक्राउ गरी सिआइबीले अनुसन्धान गरिरहेको छ। त्यसमा केही भारतीय केही चिनियाँ नागरिक पनि छन् । सुन प्रकरणकै सूचना सङ्कलनका लागि सिआइबीका प्रहरी वरिष्ठ उपरीक्षक दिनेश आचार्यलाई हङकङ पठाइएको छ।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
**सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३**


# १९ रोपनी जमीनमा सयपत्री फूल

दमौली, १४ भदौ/रासस

तनहुँको आबुखैरेनी गाउँपालिकामा पहिलोपटक सयपत्री फूलखेती शुरू गरिएको छ। उक्त गाउँपालिकाको दुई ठाउँमा पहिलोपटक सयपत्री फूलखेती शुरू गरिएको हो । गाउँपालिकाले अध्यक्षसँग कृषि विकास कार्यक्रम अन्तर्गत महिलालाई फूलखेतीमा आकर्षित गराउन सयपत्री फूलखेती कार्यक्रम अगाडि बढाएको हो। घरायसी काममा व्यस्त रहने महिलालाई आयआर्जनमा जोड्न यो कार्यक्रम ल्याइएको गाउँपालिकाले जनाएको छ। वडा नं १ स्थित यान्चोक आमा समूहमार्फत १२ रोपनी र आँधीमूल आमा समूहमार्फत सात रोपनी जमीनमा सयपत्री फूलखेती शुरू गरिएको छ।

त्यसका लागि फूलको बिरुवा सहयोगस्वरूप उपलब्ध गराइएको गाउँपालिकाका कृषि शाखा प्रमुख सन्तोष केसीले जानकारी दिए । उनले भने-"दुवै ठाउँमा बिरुवा रोपेको २० दिन भयो, ९० दिनमा फूल फुलेर १२० दिनमा बिक्रीका लागि तयार हुन्छ।" आगामी तिहारलाई लक्ष्य गरी फूलखेती शुरू गरिएको उनको भनाइ थियो। यस वर्ष केही ढिला भए पनि छिटो फुल्ने मल प्रयोग गरिएको उनले बताए।

गाउँपालिकाले सयपत्री फूलखेतीलाई प्राथमिकतामा राखेर गाउापालिका अन्तर्गतका सबै कार्यक्रममा खादा प्रयोगको सट्टा सयपत्रीको मालालाई प्राथमिकता दिने निर्णय गरिसकेको छ। उनले भने-"फूल फुल्न थालेपछि पालिकाका हरेक कार्यक्रममा सयपत्रीको माला प्रयोग हुन्छ। आँधीमूलमा लाग्ने मेलामा पनि सयपत्री फूलले सहयोग पुऱ्याउँछ।"

यहाँ शुरू गरिएको फूलखेतीले प्रत्येक वर्ष बाहिरबाट फूल खरीद गरेर ल्याउनुपर्ने अवस्था अन्त्य हुने यान्चोक आमा समूहकी अध्यक्ष सुनीता आलेमगरले जानकारी दिइन् । उनले भनिन्-"आमा समूहमा आबद्ध महिला अहिले गोडमेल र रेखदेखमा लागिरहेका छन्। फूलखेतीले महिलालाई आत्मनिर्भर बन्न सहयोग पुग्ने विश्वास गरेका छौं।"

आँधीमूल आमा समूहकी अध्यक्ष ललिता मगरले पनि घरायसी काममा व्यस्त रहँदै आएका महिलालाई आबद्ध गराई फूलखेती शुरू गरिएको बताइन्। गाउँपालिकाले अध्यक्षसँग कृषि विकास कार्यक्रम अन्तर्गत महिलालाई फूलखेतीमा आकर्षित गराउन सयपत्री फूलका बिरुवा वितरण गरेको थियो । महिलालाई फूलखेतीमा आकर्षित गराउँदै आयआर्जनसँग जोड्ने उद्देश्यसहित सय प्रतिशत अनुदानमा बिरुवा वितरण गरिएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिए । उनले भने-"सयपत्री फूल प्रत्येक वर्ष विदेशबाट आयात हुँदै आएको थियो। त्यसको आयात प्रतिस्थापन गरी गाउँपालिकालाई आत्मनिर्भर बनाउने लक्ष्य राखेका छौं।"

## अन्तर्राष्ट्रिय समाचार

# भारतलाई सुरक्षा परिषद्बाट बाहिर राख्दा राष्ट्रसङ्घको विश्वसनीयतामा प्रश्न उठ्छ

नयाँदिल्ली, १४ भदौ/एएनआई

भारतका विदेशमन्त्री एस जयशङ्करले परिवर्तन आवश्यक भएको बताए। उनले भिटो शक्तिमा निहित पाँच स्थायी ब्राजील, रूस, भारत, चीन र दक्षिण अफ्रिका सम्मिलित ब्रिक्सले सुरक्षा




भारतलाई संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को स्थायी सदस्यता प्रदान नगर्दा संयुक्त राष्ट्रसङ्घकै विश्वसनीयतामा प्रश्न उठ्ने बताएका छन्।

दिल्ली विश्वविद्यालयमा आज आयोजित एक कार्यक्रममा विदेशमन्त्री जयशङ्करले दोस्रो विश्वयुद्धको समयमा गठन भएको विश्व संस्थामा त्यति बेला ५० राष्ट्र मात्र सदस्य रहेका तर अहिले १९३ देश सदस्य रहेकाले परिवर्तित समयअनुरूप राष्ट्रसङ्घको संरचनामा सदस्यलाई यात्रीवहाक बसको पहिलो पङ्क्तिमा बस्ने यात्रीका रूपमा तुलना गर्दै उनीहरूले आफ्नो ठाउँ नछोड्ने बताए।

अफ्रिकी, ल्याटिन अमेरिकी र जनसङ्ख्याका हिसाबले विश्वको सबैभन्दा ठूलो देश र पाँचौं ठूलो अर्थतन्त्र भारतलाई सुरक्षा परिषद्बाट बाहिर राख्न नसकिने तर्क गर्दै त्यसो गरेमा संयुक्त राष्ट्रसङ्घकै विश्वसनीयतामा प्रश्न उठ्ने विदेशमन्त्रीले दोहोर्‍याए। परिषद्को सदस्यता परिवर्तन गर्नुपर्छ भनेर पहिलोपटक बोलेको बताउँदै विदेशमन्त्री जयशङ्करले इतिहास भारतको पक्षमा रहेको र उक्त अन्तर्राष्ट्रिय संस्थामा परिवर्तन आउने विश्वास व्यक्त गरे। "केही शक्तिले भारत सुरक्षा परिषद्को सदस्य नबनोस् भनेर हामीविरुद्ध लागे पनि एक दिन हाम्रो अवश्य विजय हुनेछ," कुन शक्ति राष्ट्र भारतका विरुद्धमा लागेको हो भन्ने स्पष्ट उल्लेख नगरी उनले भने।

# जोहानेसबर्गमा आगो लाग्दा ७३ जना जले

जोहानेसबर्ग, १४ भदौ/एपी



दक्षिण अफ्रिकाको जोहानेसबर्गको मध्यभागमा अवस्थित पाँच तले एक भवनमा आगो लाग्दा ७३ जनाको मृत्यु भएको छ भने अन्य ५० जनाभन्दा बढी घाइते भएका छन्।

दक्षिण अफ्रिकाको आपत्कालीन सेवाका प्रवक्ता रोबर्ट मुलाउजीका अनुसार हालसम्म ७३ जनाको शव फेला परेको तथा ५२ जना सामान्य घाइते भएका छन्। उक्त भवनमा बिहीवार बिहान आगो लागेको जानकारी दिँदै उनले खोज तथा उद्धार जारी रहेको बताएका छन्। प्रवक्ता मुलाउजीले मृतकको सङ्ख्या अझै बढ्न सक्ने बताएका छन्।

दमकल सेवाका कर्मचारीले आगो निभाइसकेका छन्। घाइतेहरूलाई स्वास्थ्य केन्द्र र अस्पताल पुर्‍याइएको छ। केही समयअघिसम्म शहरको प्रमुख आर्थिक एवं व्यापारिक केन्द्रमा रहेको उक्त भवनमा घरबारविहीन स्थानीय जबरजस्ती बसेका बताइएको छ। भाग्न छाडेर आफ्ना सरसामान जोगाउने प्रयासमा रहेका केहीले ज्यान नै गुमाएका जनाइएको छ।

घरबारविहीन व्यक्तिहरू कुनै औपचारिक भाडा सम्झौताविना नै भवनमा सरेका जनाउँदै प्रवक्ता मुलाउजीले भवनमा कति मानिस थिए भन्ने यकीन नहुँदा खोजीमा कठिनाइ भएको बताएका छन्। उनले १५ वर्षको जागीरे जीवनमा यति भयावह घटना नदेखेको बताएका छन्।

### आजको राशिफल

| | |
|---|---|
| मेष – अतिथिआगमन | वृष – सफलता |
| मिथुन – राज्यलाभ | कर्कट – रोगभय |
| सिंह – व्यापारलाभ | कन्या – कडापरिश्रम |
| तुला – सुसमाचार | वृश्चिक – भयचिन्ता |
| धनु – राज्यलाभ | मकर – अतिथिआगमन |
| कुम्भ – सुयश | मीन – अलमल |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फलेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# सुन तस्करी प्रकरण : अनुसन्धानका लागि सिआइबीको टोलीलाई भारत पठाइयो

काठमाडौं, १४ भदौ/रासस

हङकङबाट तस्करी गरी ल्याइएको ६१ किलो सुन प्रकरणमा तस्करीका विषयमा सूचना सङ्कलन गर्न नेपाल प्रहरीले सिआइबीका एक अधिकृतसहितको टोलीलाई बिहीवार भारत पनि पठाएको छ।

बुधवार सोही प्रकरणको थप सूचना सङ्कलनका लागि सिआइबीका प्रहरी वरिष्ठ उपरीक्षक दिनेश आचार्यलाई हङकङ पठाएको प्रहरीले आज भारतमा पनि टोली पठाएको हो।

अहिले भारत गएको टोलीले भारतको नेपाली राजदूतावासमा रहेका प्रहरी वरिष्ठ उपरीक्षक उमाप्रसाद चतुर्वेदीसँग समन्वय गरेर त्यहाँबाट सूचना सङ्कलन गर्नेछ। नेपाल प्रहरीका महानिरीक्षक वसन्तबहादुर कुँवरले आवश्यकता अनुसार प्रहरी टोली परिचालन गरी नेपाल, भारत र हङकङबाट आवश्यक सूचनाहरू सङ्कलन गरिरहेको बताए। यसअघि प्रहरीले हङकङ र भारतको इन्टरपोललाई सहयोग गर्न पत्राचार गरिसकेको छ।

हङकङबाट ब्रेक शुमा हालेर ल्याइएको ६० किलो ७१६ ग्राम सुन गत साउन ३ गते राजस्व अनुसन्धान विभागले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयअगाडिबाट बरामद गरेको थियो। उक्त सुन प्रकरणमा भन्सारका कर्मचारीको सहयोगमा नेपाल भित्र्याइएको पाइएको छ। केही कर्मचारीहरू पक्राउ पनि परिसकेका छन्।

यस्तै नेपाली, चिनियाँ र भारतीय नागरिक पनि पक्राउ परेका छन्। हङकङबाट ल्याइएको सुन भारत लैजाने तयारी गरिएको सूचना प्रहरीले प्राप्त गरेपछि हङकङ र भारतका सुन तस्करीबारे सूचना लिन प्रहरी दुवै क्षेत्रमा सूचना लिन खटाइएको हो।

सुन प्रकरणमा प्रहरीले २५ जनालाई पक्राउ गरी अनुसन्धान गरिरहेको छ। पक्राउ पर्नेमा भारतीय र चिनियाँसहितका छजना विदेशी छन्। सिआइबीका प्रहरी उपरीक्षक सञ्जय सिंह थापाको नेतृत्वमा सुन प्रकरणको अनुसन्धान भइरहेको छ।

# मनसुन अवधिमा बाढी, पहिरो र चटयाङबाट ७३ जनाको मृत्यु

काठमाडौं, १४ भदौ/रासस

मुलुकमा यस वर्ष मनसुन अवधि जेठ ३१ देखि भदौ ८ गतेसम्म बाढी, पहिरो र चट्याङबाट ७३ जनाको ज्यान गएको छ। मनसुन अवधिमा १०२ जना घाइते हुनुका साथै २० जना बेपत्ता भएका छन्।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलका अनुसार मनसुन अवधिमा मुलुकका १३५ ठाउँमा बाढी, ४२९ ठाउँमा पहिरो तथा ८३ वटा चट्याङका घटना भएका थिए। उक्त विपद्का घटनामध्ये बाढीमा परी १२ जनाको मृत्यु, सात घाइते र २१ बेपत्ता भएका थिए। यस्तै पहिरोमा परी ३८ जनाको मृत्यु, ४० घाइते र नौ बेपत्ता भएको कार्यकारी प्रमुख पोखरेलले बताए। भारी वर्षाका कारण दुईजनाको ज्यान गयो भने चट्याङबाट २१ जनाको मृत्यु र ४३ घाइते भए।

यस वर्षको बाढी पहिरोबाट ३२६.८३ मेघावाट क्षमताका निर्माणाधीन १७ तथा सञ्चालनमा रहेका १३२.७५ क्षमताका १३ जलविद्युत् आयोजनामा क्षति पुगेको छ। त्यसबाट झन्डै रु आठ अर्ब ५० करोड क्षति पुगेको अनुमान गरिएको छ।

मनसुन अवधिमा भएका बाढी पहिरोका घटनाबाट देशका २९ राजमार्गका २५० ठाउँमा रु ४० करोड बराबरको भौतिक पूर्वाधारमा क्षति भएको तथ्याङ्क छ। मनसुन अवधिमा भएका बाढी पहिरोका घटनाबाट रु १५ अर्बभन्दा बढी भौतिक पूर्वाधारलगायत सम्पत्तिको क्षति भएको कार्यकारी प्रमुख पोखरेलले बताए।

मुलुकका विभिन्न स्थानमा चार मोटरेवल पुल र २२ झोलुङ्गे पुल बगाउँदा करीब रु ४१ करोडको क्षति हुन पुगेको छ। बाढीपहिरोका घटनाबाट २८ खानेपानी आयोजनामा क्षति हुँदा रु नौ करोड बराबरको नोक्सान भएको प्राधिकरणको अनुमान छ। क्षति पुगेका ती पूर्वाधार तत्काल पुनःस्थापना गर्न रु १० अर्ब ५५ करोडभन्दा बढी खर्च लाग्ने अनुमान गरिएको कार्यकारी प्रमुख पोखरेलले बताए। यस अवधिमा चट्याङ लागेर ११ स्थानमा, पहिरोबाट सात, पुल क्षतिबाट पाँच र लेदोसहितको पहिरो खस्दा आठ स्थानमा गरी देशका ३१ स्थानमा सडक अवरुद्ध भएको थियो। हाल मुलुकका २३१ राजमार्गमध्ये ४८ राजमार्ग एकतर्फीरूपमा सञ्चालनमा रहेको प्राधिकरणले जनाएको छ।

# हेटौंडा–काठमाडौं जोड्ने सडकखण्ड पुसभित्र निर्माण सम्पन्न गर्छौं –मुख्यमन्त्री जम्कट्टेल

मनहरी, १४ भदौ/रासस

बाग्मती प्रदेश सरकारका मुख्यमन्त्री सालिकराम जम्कट्टेलले हेटौंडा–काठमाडौं जोड्ने छोटो मार्ग हेटौंडा–कुलेखानी–फाखेल–काठमाडौं सडकखण्डलाई आगामी पुस महीनाभित्र निर्माण सम्पन्न गर्ने बताएका छन्।

प्रदेशको राजधानीलाई सङ्घीय राजधानी काठमाडौंसम्म जोड्ने मार्गहरू पहिराको उच्च जोखिम रहेको र सामान्य वर्षा हुँदासमेत पहिरो खसेर पटक–पटक सडक बन्द हुँदा समस्या हुने गरेको भन्दै उनले उक्त सडकखण्ड समयमैं निर्माण सक्न चासो दिएको बताए।

उनले उक्त सडकखण्ड निर्माणको जिम्मा लिएका निर्माण कम्पनीलाई समयमैं काम सक्न निर्देशन दिइसकेको दाबी गर्दै मुख्यमन्त्री जम्कट्टेलले पुस महीनापछि हेटौंडा–काठमाडौं आवतजावतमा सहज हुने बताए।

हेटौंडाबाट काठमाडौं जोड्ने अन्य मार्गमा पनि विशेषगरी वर्षाको समयमा पहिराको उच्च जोखिम हुने तथा खाल्डाखुल्डी बनेर खण्डीकरण भएका कारण जोखिम बढ्दै गएकोप्रति पनि उनले चासो र चिन्ता व्यक्त गरे। मुख्यमन्त्री जम्कट्टेलले मन्त्रीहरूसँग गरिएको कार्यसम्पादन करार सम्झौताले पनि कतिपय अधूरा र अपूरा काम समयमैं सम्पन्न हुनेमा आफू विश्वस्त रहेको बताए।

उनले बुधवार प्रदेशका मन्त्रीहरूसँग कार्यसम्पादन करार सम्झौता पनि गरेका छन्। कार्यसम्पादन करार सम्झौताले कामको तीव्रता बढ्ने भन्दै उनले सरकारको मुख्य चासो भनेको हेटौंडा–काठमाडौं जोड्ने सडक निर्माण सम्पन्न गर्नु रहेको बताए। कार्यसम्पादन सम्झौताका क्रममा मुख्यमन्त्री जम्कट्टेलले प्रदेशको राजधानी हेटौंडालाई सङ्घीय राजधानी काठमाडौं जोड्ने सडकखण्ड पुस महीनाभित्र निर्माण सक्ने गरी काम गर्न सम्बन्धित मन्त्रालयका मन्त्रीलाई निर्देशन दिए।

यस्तै, विगत दुई वर्षदेखि कुलेखानी–सिस्नेरी सडकखण्डको पनि दुई खण्डमा स्तरोन्नति कार्य भइरहेको जानकारी दिँदै उनले सडक स्तरोन्नतिको काम लगभग सम्पन्न भएको जानकारी दिए। उनले सडक फराकिलो बनाउने काम सम्पन्न भएको र अब कालोपत्र गर्न बाँकी रहेको बताए।

# विधिपूर्वक मनाइयो ऋषितर्पणी, रक्षाबन्धन र जनैपूर्णिमा पर्व

काठमाडौं, १४ भदौ/रासस

प्रत्येक वर्ष श्रावण शुक्ल पूर्णिमाका दिनमा मनाइने ऋषितर्पणी, रक्षाबन्धन एवं जनैपूर्णिमा पर्व बिहीवार स्नान गरी नयाँ यज्ञोपवीत (जनै) धारणसहित डोरो बाँधेर मनाइएको छ।

श्रावण महीनामा गरिने स्नान भएकाले यो पर्वलाई श्रावणी स्नान पनि भनिन्छ। सत्ययुगमा दानवद्वारा लखेटिएका देवगणलाई गुरु बृहस्पतिले रक्षा विधान तयार गरी 'जेले गर्दा अत्यन्त बलशाली दानवराज बलि बाँधिए, त्यसैले म तिमीलाई बाँध्छु, यसले तिमी सुरक्षित बन, विचलित नहोऊ' भनी डोरो बाँधेर जोगाएका थिए भन्ने पौराणिक मान्यताका आधारमा यो पर्व मनाउन शुरू गरिएको हो।

यसै कारण रक्षाबन्धन गर्ने बेलामा गुरु पुरोहितले 'येन बद्धो बलिराजा दानवेन्द्रो महाबल तेन त्वां प्रतिबध्नामि रक्षेमा चलमाचल' भनी रक्षासूत्र, रक्षाबन्धन अथवा डोरो बाँध्ने वैदिक परम्परा रहेको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका सदस्य प्राडा देवमणि भट्टराईले बताए।

मानवरक्षाका लागि जप, तप र पूजा गरी मन्त्रिएको रक्षाबन्धन अर्थात् डोरो वैदिक मन्त्रोच्चारण गर्दै ब्राह्मण पुरोहितले यजमानको नाडीमा बाँधिदिएका छन्। स्नानपछि जौं, तिल र कुशद्वारा ऋषिहरूलाई तर्पण गरी वैदिक रुद्राभिषेक पद्धतिबाट मन्त्रिएको नयाँ जनै (यज्ञोपवीत) फेरिएको छ। आजको दिन सप्तऋषिहरू कश्यप, अत्रि, भारद्वाज, गौतम, जमदग्नि, वशिष्ठ र विश्वमित्रलाई तर्पण दिने गरिन्छ। ऋषिलाई तर्पण गर्ने भएकाले आजको दिनलाई ऋषितर्पणी पनि भन्ने गरिएको हो। आजै मन्त्रिएको जनै फेर्ने गरिएकाले नै श्रावण शुक्ल पूर्णिमालाई जनैपूर्णिमा पनि भनिन्छ।

वैदिक गुरु परम्परा अनुसार यज्ञोपवीत अर्थात् जनैलाई ब्रह्मसूत्र अथवा ज्ञानको धागोका रूपमा मानिन्छ। जनैका दुई शिखामध्ये एउटा शिखामा रहने तीन डोरालाई ब्रह्मा, विष्णु र महेश्वरको प्रतीकका रूपमा पुजिन्छ। अर्को डोराको तीनवटा शिखालाई भने कर्म, उपासना र ज्ञानको त्रियोगका रूपमा लिइन्छ।

आजका दिन ११ प्रकारका गेडागुडी मिसाइ भिजाएर टुसा उमारी क्वाँटी बनाएर खाने गरिन्छ। यसरी क्वाँटी बनाइ खानाले शरीरमा रोग नलाग्ने, पेट सफा हुने र वर्षायामभर खेतीपातीको काम गर्दा शरीरमा लागेको चीसो निकाली भित्रदेखि नै तापको सञ्चार गर्छ भन्ने धार्मिक मान्यता छ।

नेपालको तराई क्षेत्रमा भने आजकै दिन दिदीबहिनीले दाजुभाइलाई राखी बाँधेर मनाइएको छ। यसबाट दिदीबहिनी र दाजुभाइका बीचमा प्रेमसम्बन्ध बढ्छ भन्ने सामाजिक मान्यता छ।

जि.प्र.का. पर्सा द.नं. १२/२०५३/०५४ प्रतीक जि. हु. का. पर्सा द. नं. १८२/२०८०/८१

# ड्राइपोर्टबाट कन्टेनर चोरी : श्री एयरलायन्सले चोरीको कन्टेनरबाट बनायो विमानस्थलमा अफिस

राधेश्याम पटेल, परवानीपुर, १४ भदौ/

वीरगंज–२५ स्थित श्रीसिया सुक्खा बन्दरगाह भन्सारबाट १० वटा खाली कन्टेनर चोरी भएको घटना प्रकाशमा आएको छ । गत ७ जुलाईदेखि २६ जुलाईसम्मको अवधिमा १० वटा खाली कन्टेनर चोरी भएको घटना सार्वजनिक भएको हो । स्वीट्जरल्यान्डको मर्क्स लाइनका १० वटा कन्टेनर चोरीको घटना सार्वजनिक भएको हो। छवटा २० फुटे र चाङ्ववटा ४० फुटे कन्टेनर चोरी भएको हो। यस विषयमा तीन हप्ताअघि जिल्ला प्रहरी कार्यालय, पर्सामा परेको ठाडो उजूरीले घटनाको पुष्टि गरेको छ । श्रीसिया सुक्खा बन्दरगाह भन्सार सञ्चालनको जिम्मा पाएको नेपाली र भारतीय साझेदारीमा स्थापित प्रिस्टिन भ्याली ड्राइपोर्ट प्रालिका कस्टम रिलेशन म्यानेजर विक्रम प्रताप सिंहलगायत केही नेपाली बिचौलिया कम्पनीको समेत संलग्नता देखिएको छ ।

ड्राइपोर्टबाट चोरी भएका १० वटा कन्टेनरमध्ये सातवटा कन्टेनर फिर्ता भइसकेको छ भने तीनवटा कन्टेनर फिर्ता आएको छैन। एउटा कन्टेनर वीरगंजकै विशेश्वरप्रसाद चौधरीको डुमझवानास्थित कम्पनीमा रहेको छ भने भने दुईवटा ४० फुटे कन्टेनर नेपालको श्री एयरलायन्स कम्पनीले खरीद गरी त्रिभुवन विमानस्थलमा रङ्गरोगन गरी वातानुकूलित कार्यालय बनाएको प्रिस्टिन भ्याली ड्राइपोर्टका अधिकारीहरूले बताएका छन् ।

गत ४ अगस्तका दिन थप दुईवटा कन्टेनर सडकमार्गबाट निर्यात गरिने भनी यार्डबाट प्रिस्टिनको व्यवस्थापन टिमलाई जानकारी पाएपछि यो घटना प्रकाशमा आएको थियो। त्यसपछि जुलाई महीनाको रेकर्ड चेक गर्ने सिलसिला शुरू भएको थियो। जुलाईमा ७ देखि २६ ताङ्झिखसम्म सडकमार्गबाट निर्यात हुने भनी जब काटेर र गेटपास गरी प्रिस्टिनका कर्मचारी विक्रमप्रताप सिंहले यसअघि १० वटा कन्टेनर एपेक्स कार्गोलाई गोप्यरूपमा बेचेको कुरा जानकारी भएपछि एक दिन श्रीसिया प्रहरी चौकीमा विक्रमलाई हिरासतमा राखिएको थियो । पछि विक्रमलाई स्पष्टीकरण सोधेर प्रिस्टिनले कारबाही नगर्दा भारत, झारखण्ड घङ्ग भएका विक्रम फरार भएर अहिले भारत भागेका छन् ।

चोरीका कन्टेनर खरीद गर्ने वीरगंजको एपेक्स कार्गोका सन्तोष पटेल, उमेश पटेल, शत्रुघ्न चौधरी र विशेश्वरप्रसाद चौधरीसँगको वार्तामा चोरीका कन्टेनर फिर्ता गराउने सहमति भएको थियो । त्यसैको फलस्वरूप सातवटा कन्टेनर फिर्ता भइसकेको छ भने तीनवटा कन्टेनर फिर्ता नभएर ढिलाइ हुँदा यो घटना प्रकाशमा आएको हो । "चोरी भएका १० मध्ये सातवटा फिर्ता भएको र तीनवटा आउन बाँकी रहेकामा ती कन्टेनर फिर्ता गराउने विषयमा सम्बन्धित निकायसँग संवाद भइरहेको छ," प्रिस्टिन भ्यालीका कमर्शियल अफिसर विकाश शर्माले भने।

यस विषयमा श्रीसिया सुक्खा बन्दरगाह भन्सार कार्यालयका प्रमुख डा रामप्रसाद मैनालीसँग कुरा गर्दा उनले कन्टेनर चोरी भएको विषयमा आफूलाई मौखिक जानकारी आएको तर सो घटना मिलाउनका लागि आफूले श्री एयरलायन्सका पदाधिकारीसँग कुराकानी गङ्झेको बताए । घटनाको विषयमा पर्सा प्रहरीका प्रवक्ता प्रनाउ दीपक गिरीसँग बुझ्दा उनले प्रिस्टिनका कर्मचारीलाई प्रिस्टिनले भगाएकोले घटनाको छानबीनमा ढिलाइ भएको बताए।

यस विषयमा प्रिस्टिनका कर्मचारी विक्रम आधिकारिक व्यक्ति भएकाले खरीद–बिक्री भएको एपेक्स कार्गोका सन्तोष पटेलले बताए । उनले २० फुटे कन्टेनर एक लाख ५० हजारमा खरीद गरी एक लाख ८५ हजारमा र ४० फुटे कन्टेनर दुई लाख १२ हजारमा खरीद गरी दुई लाख ४० हजारमा बेचेको स्वीकार गरे। सन्तोष पटेलले चोरीको कन्टेनर खरीद गरी नेपाल सिपिङ एन्ड एयर लजिस्टिक कम्पनीलाई बेचेकोमा सो कम्पनीले श्री एयरलायन्सलाई बेचेको बताए ।

श्री एयरलायन्सले खरीद गरेको कन्टेनर कटिङ गरेर एसीसहितको कार्यालय बनाउन करीब १० देखि १२ लाख खर्च गरेपछि कन्टेनर फिर्ता गर्न आलटाल गरिरहेको बुझिएको छ। यस विषयमा श्री एयरलायन्सका कर्पोरेट प्रबन्धक अनिल मानन्धरसँग फोन सम्पर्क गर्दा उनले आफू व्यस्त भएको भन्दै बुझेर जानकारी गराउने भनेर कुराकानी गर्नबाट पन्छिए।

# ब्रह्माकुमारीले राखी पर्व मनायो

नरेश यादव, पर्सागढी, १४ भदौ/

जीतपुरसिमरा उपमहानगरपालिका–७ मा रहेको ब्रह्माकुमारी राजयोग उपसेवा केन्द्रले रक्षाबन्धन मनाएको छ। उपसेवा केन्द्रकी प्रभारी रेणु दिदीको अगुवाइमा जीतपुरसिमरा उपमहानगरपालिका कार्यालय, इलाका प्रहरी कार्यालय जीतपुर, सशस्त्र प्रहरी बेस जीतपुर र इलाका प्रहरी कार्यालय परवानीपुर र नेपाली सेनाको गण गढीमाईले मन्दिर नजीक छुट्टाछुट्टै कार्यक्रम गरी राखी पर्व मनाएका थिए।

केन्द्रकी प्रभारी रेणु दिदीले हरेक पर्व मानिसहरू आआफ्नो घरमा बसेर मनाउने गर्छन् तर हामीलाई २४ घण्टा सेवा प्रदान गर्ने सुरक्षाकर्मीहरू भने पर्व मनाउनबाट वञ्चित हुने गरेकाले



उनीहरूलाई लक्षित गरेर राखी पर्व मनाइएको बताइन्। उनले सुरक्षाकर्मीहरू पनि हाम्रै घरपरिवारका सदस्य भएका र उनीहरूसँग पर्व मनाउँदा हर्षित हुने र सबै दुःख पिडा बिर्सेर उनीहरूको मुहारमा खुशी आउने बताइन् । सो अवसरमा सुरक्षाकर्मी, जनप्रतिनिधिलाई राखी बाँधेर मिठाइ खुवाइएको थियो।

# शुक्रवारदेखि तातोपानी नाका खुल्ने

सिन्धुपाल्चोक, १४ भदौ/रासस

चीनसँगको उत्तरी सीमानाका तातोपानी शुक्रवारदेखि खुल्ने भएको छ। लामो समय आवागमन बन्द रहेको तातोपानी नाका भोलि शुक्रवारदेखि खुल्ने भएको हो ।

गत मङ्गलवार तिब्बतको ल्हासामा



चिनियाँ अधिकारी र नेपाली अधिकारीबीच भएको बैठकले नाकामा स्थानीय सर्वसाधारण आवतजावत गर्न पाउने निर्णय गरेको प्रमुख जिल्ला अधिकारी रमेश न्यौपानेले जानकारी दिए। "नेपालतर्फबाट गरिने सम्पूर्ण तयारी गरेका छौं," उनले भने ।

विसं २०७२ को भूकम्पयता तातोपानी नाका बन्द हुँदै आएकामा तीन महीनाअघिदेखि मालवाहक सवारीको आवतजावत खुलेको थियो । प्रजिअ न्यौपानेले यसअघि मानिस आवतजावत भने खुल्न नसकेको भन्दै शुक्रवारदेखि स्थानीयको आवागमन खुल्ला गरिएको बताए । उनका अनुसार सिन्धुपाल्चोकका स्थानीयले आवतजावतका लागि एक वर्ष अवधि रहेको पास पाउनेछन्।




# खेलकूदको संसार

## आइसिसी महिला टी–२० विश्वकप एशिया छनोट : नेपालद्वारा मलेशिया पराजित

काठमाडौं, १४ भदौ/रासस

आइसिसी महिला टी–२० विश्वकप एशिया क्षेत्र छनोट अन्तर्गत नेपालले घरेलु टोली मलेशियालाई पराजित गरेको छ। नेपालले मलेशियालाई पाँच रनको झिनो अन्तरले हराएको हो ।

मलेशियाको क्वालालम्पुरस्थित वायुमास ओभल क्रिकेट मैदानमा टस हारेर पहिले ब्याटिङ गर्दै नेपालले निर्धारित २०



ओभरमा ६ विकेट गुमाउँदै ८४ रनको योगफल बनायो। ८५ रनको विजयी लक्ष्य पछ्याएको मलेशियाको पाली ७९ रनमा समेटियो ।

यस अघि ब्याटिङ गर्ने क्रममा नेपालका लागि सीता रानामगरले अविजित ३८ रन बनाइन्। उनले ५४ बल खेल्दै एक चौकासमेत हिर्काइन् । यस्तै, अफसरी बेगमले १७ तथा कप्तान रुविना क्षत्री बेलबासेले १२ रन बनाइन् । त्यसबाहेक अन्य खेलाडीले सम्झिनलायक रन बनाउन सकेनन् ।

बलिङतर्फ मलेशियाकी ऐना हामिजाले दुई तथा महिराह इजाती, ऐश्या एलिसा र निक नूरले एक/एक विकेट लिए।

मलेशियाले भने निर्धारित २० ओभर खेल्दै नौ विकेट गुमाउँदै ७९ रन मात्र बनाउन सक्यो। मलेशियाका लागि विनीफ्रेड दुरैसिङ्गमले २८, ऐना हामिजाले १४ तथा मास इल्यासाले १० रन बनाइन्।

बलिङतर्फ नेपालका लागि कविता कुँवर र कविता जोशीले दुई/दुई तथा कप्तान रूबिना क्षत्री बेलबासे र अश्मिना कर्माचार्यले एक एक विकेट लिए। नेपालले अब शुक्रवार दोस्रो खेल बहराइनसित खेल्नेछ।

प्रतियोगितामा नेपाल समूह 'ए' मा रहेको छ। नेपालको समूहमा मलेशिया, बहराइन, भूटान, कतार र युनाइटेड अरब इमिरेट्स (युएई) छन् ।

त्यस्तै समूह 'बी' मा चीन, हङकङ, थाइल्यान्ड, कुवेत र म्यान्मा छन् । प्रतियोगितामा हरेक समूहका शीर्ष दुई टोलीले सेमिफाइनलमा स्थान बनाउने छन्। फाइनलमा पुग्ने दुई टोलीले सन् २०२४ मा हुने ग्लोबल टि–२० क्वालिफायर खेल्न पाउनेछन् ।

## टेबल टेनिस टोली दक्षिण कोरिया जाँदै

काठमाडौा, १४ भदौ/रासस

नेपाली टेबल टेनिस टोली २६औं एशियाली टेबल टेनिस च्याम्पियनशिपमा सहभागी हुन भोलि दक्षिण कोरिया प्रस्थान गर्दैछ। यही भदौ १७ देखि २४ गतेसम्म हुने प्रतियोगितामा नेपालबाट तीन पुरुष र दुई महिला गरी पाँच खेलाडी सहभागी हुँदैछन् ।

पुरुषमा संयोग कपाली, रुविन महर्जन र विलोश श्रेष्ठ तथा महिलामा सिक्का सुवाल श्रेष्ठ र इभाना थापा रहेका छन्। प्रशिक्षकमा मुख्य प्रशिक्षक सञ्जीव ढुङ्गेल छन् ।

नेपालले पुरुष/महिला सिङ्गल्स, डबल्स, टीम र मिक्स स्पर्धा गरी सात स्पर्धामा प्रतिस्पर्धा गर्नेछ। पाँचै खेलाडी १९औं एशियाली खेलकूदका लागि छनोट भएका खेलाडी हुन्। एशियाली खेलकूदमा छ खेलाडीले नेपालको चुनौती प्रस्तुत गर्दैछन्। एशियाली खेलकूदका लागि छनोट भएकी नेपाल नम्बर वान नविता श्रेष्ठ भने टोलीमा समावेश छैनन्। उनी हाइ फर्मेन्स तालीमका लागि शनिवारै अमेरिका जाँदैछिन्।

टोलीलाई राष्ट्रिय खेलकूद परिषद्का सदस्यसचिव टङ्कलाल घिसिङले आज एक कार्यक्रमबीच बिदाइ गरे। टेबल टेनिस टोली हालै एशियाली खेलकूदको तयारी प्रशिक्षणबाट भारतबाट फर्किएको हो। बिदाइका अवसरमा सदस्यसचिव घिसिङले खेलाडीलाई एशियाली खेलकूदको तयारी प्रशिक्षणबारे चासोपूर्वक जानकारी लिएका थिए। खेलाडीले भारतमा भएको तयारी प्रशिक्षण सन्तोषजनक रहेको बताएका थिए।

यसैबीच, अखिल नेपाल टेबल टेनिस सङ्घ, तदर्थ समितिको पहिलो बैठकले सङ्घका वरिष्ठ सहसंयोजक सुदिल शाहीको संयोजकत्वमा खेलकूद विकास ऐन अनुसार सङ्घको नयाँ विधान बनाउन समिति गठन गर्ने निर्णय गरेको छ। सङ्घका संयोजक चतुरानन्दराज वैद्यको अध्यक्षतामा आज बसेको बैठकले शाहीको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गर्ने निर्णय गरेको हो ।

समितिका सदस्यमा सहसंयोजक बृजेन्द्र हमाल, प्रज्वलकान्त मैनाली, नवीनबहादुर शाक्य र शिवसुन्दर गोथे रहेका छन्।

# ट्राफिक सचेतना कार्यक्रम

प्रस, वीरगंज, १४ भदौ/

समुदाय–प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सामुदायिक सेवा केन्द्र वीरगंज महानगर–२ छपकैयाको आयोजनामा बिहीवार ट्राफिक सचेतना कार्यक्रम सम्पन्न भएको छ।

वीरगंज महानगरपालिका–२ स्थित सामुदायिक प्रहरी सेवा केन्द्रअगाडि सवारी दुर्घटना न्यूनीकरणका लागि चालकहरूलाई १५० थान ट्राफिक नियमसम्बन्धी जनचेतनामूलक पर्चा वितरण गरिएको थियो । कार्यक्रम सामुदायिक सेवा केन्द्र छपकैयाका सचिव प्रवीण विक्रम शाहको अध्यक्षता तथा वडा सदस्य सङ्गीता थापा भुजेलको प्रमुख आतिथ्यमा भएको थियो।

कार्यक्रममा वडासदस्य अब्दुललतिफ अन्सारी, सामुदायिक सेवा केन्द्र छपकैयाका सदस्य अजितकुमार भुजेल, टीका प्रसाई, हिमाली शाह, उमा न्यौपानेलगायतको सहभागिता थियो।

## डेंगीबाट बच्ने उपायहरू:

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्छ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडो छोपेर राखौं।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाइबाट बच्ने मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेला झुल लगाएर सुतौं।
- अँध्यारा कुनाकाप्चामा कीटनाशक औषधि छर्कने गरौं।
- कम्तीमा हप्ताको एकपटक एयर कुलर, पानीटङ्की, फूलदानी, गमलामा राखिएका प्लेटहरू राम्ररी सफा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड